# धनुषाधाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनुषा, २ नं. प्रदेश, नेपाल

# नगर पार्श्वचित्र



२०७४ असार

# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएकमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगरपालिका प्रमुख, नगरपालिका उपप्रमुख, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विविभन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौं लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

**गणेश कार्की**
कार्यकारी अधिकृत

# विषय सूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधि २

१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : धनुषाधाम नगरपालिकाको परिचय** ४

२.१ नगरपालिकाको संक्षिप्त परिचय ५

२.२ भौगोलिक अवस्थिति ६

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ६

२.४ भूक्षेत्र (टोपोग्राफी) १०

२.४.१ माटोको बनावट र उर्वराशक्ति ११

२.४.२ भू–आकृति तथा माटोको बनोट ११

२.५ हावापानी ११

२.६ भू–क्षेत्रको वर्गीकरण १३

२.७ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरु १५

२.८ नगरपालिकाको समस्या, चुनौति, अवसर र सम्भावनाहरु १६

२.९ नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध १७

२.१० सिमसार क्षेत्र १८

२.११ नदि नालाहरु १८

२.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २०

२.१३ मुख्य चाडपर्वहरु २२

२.१४ सँस्कृति, कला, भाषा र साहित्य २२

२.१५ मिथिला संस्कृती र सभ्यता २२

**खण्ड ३ : जनसाङ्खिक विवरण** २३

३.१ जनसंख्याको विवरण २३

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २५

३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८

३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण २९

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ३१

३.६ जातजाति समूह अनुसार जनसंख्याको विवरण ३२

३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३४

३.८ धर्मअनुसार जनसंख्याको विवरण ३६
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३८
३.१० घरमूलीको लैङ्गिक विवरण ३९
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४०
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४१
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४२
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४३
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४४
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४५
३.१७ बसाई सराईको अवस्था ४६
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४७

**खण्ड ४ : भू–उपयोग ४८**

४.१ नगरपालिका भू–उपयोगको विवरण ४८
४.२ बस्ती विकासको स्वरुप ४९
४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ५०
४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप ५२
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ५३
४.५ भू–क्षय सम्भावित क्षेत्र ५३
४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५४

**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५६**

५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप ५६
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५६
५.३ आश्रित जनसंख्याको विवरण ५७
५.४ कृषि ५७
५.४.१ कृषक समूहको विवरण ५९
५.४.२ कृषी बालीमा लाग्ने रोग ६०
५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण ६१
५.४.४ बाली पात्रो ६१
५.४.५ कृषि पकेट क्षेत्रको बिबरण ६२
५.४.६ जग्गाको उर्वराशक्ति ६२
५.४.७ एग्रोभेट सम्बन्धि विवरण ६२
५.४.८ कृषि सहकारी संस्थाहरुको विवरण ६३
५.५ सिंचाइ ६४
५.६ पशुपालन ६५
५.६.१ पशु नश्ल ६५
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ६६
५.६.३ पशुपंक्षी फार्महरुको विवरण ६७
५.६.४ गाई/भैंसी फार्महरुको विवरण ६७

५.६.५ पशुपालन समुह ६८
५.६.६ माछापालन सम्बन्धी विवरण ६८
५.६.७ कृषि बजारीकरण ६९
५.६.८ नगरपालिकामा दुग्ध बजारीकरण ६९
५.६.९ मासु बजारीकरण ७०
५.७ पर्यटन ७०
५.८ उद्योग ७१
५.९ बैंकको विवरण ७१
५.१० सहकारी संस्थाको विवरण ७२
५.११ संघ संस्था तथा विभिन्न समुहहरु ७५
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ७६**
६.१ यातायात ७६
६.१.१ यातायात सेवा ७७
६.२ संचार ७७
६.२.१ टेलिफोन/मोबाइल ७७
६.२.२ हुलाक सेवा ७८
६.३ विद्युत ७८
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७८
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७९
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ८१**
७.१ शिक्षा ८१
७.२ साक्षरता स्थिति ८१
७.२.१ शैक्षिक जनशक्तिको विवरण ८३
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ८४
७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८५
७.२.४ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण ८५
७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ८६
७.३ स्वास्थ्य ८७
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ८८
७.३.२ गाउँघर क्लिनीक र नियमित खोप ८८
७.३.३ एच. आई. भी./एडसको अवस्था ८८
७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ८९
७.३.५ खोपको विवरण ८९
७.३.६ बाल्यकालमा हुने रोगका जोखिम ८९
७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर ९०
७.३.८ बालपोषण सम्वन्धी विवरण ९०
७.४ खेलकुद तथा मनोरञ्जन ९०
७.५ नागरिक सुरक्षा सेवा ९१
७.५.१ बृद्धबृद्धाहरूको अवस्था ९१

७.५.२ सामाजिक सुरक्षा ९२
७.६ महिला तथा बालबालिका ९२
७.६.१ महिला सम्बन्धी विवरण ९२
७.६.२ बालबालिका सम्बन्धी विवरण ९४
७.६.३ बालश्रमको अवस्था ९५
७.६.४ बालक्लब ९६
७.७ अपाङ्गताको विवरण ९७
७.८ खानेपानी तथा सरसफाई ९९
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ९९
७.८.२ खानेपानीको विवरण १००
७.९ शौचालयको विवरण १०१
७.९.१ वडागत शौचालयको संख्याको विवरण १०२
७.९.२ खुला दिशा मुक्त क्षेत्र १०३
७.१० फोहोर मैला व्यवस्थापन १०३
**खण्ड ८ : वन तथा वातावरण १०४**
८.१ प्राकृतिक वन तथा वनस्पति १०४
८.२ जैविक विविधता सम्वन्धी विवरण १०४
८.३ लघु वन पैदावार १०६
८.४ नगरपालिकामा पाईने वन्यजन्तु १०७
८.५ वनजंगल १०८
८.५.१ सामुदायिक वन १०८
८.५.२ धार्मिक वन ११०
८.५.३ सरकारद्वारा व्यवस्थित वन ११०
८.५.४ निजी वन ११०
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था ११०
८.७ वनपैदावरको माग र आपूर्ति ११०
८.८ जडिबुटी सम्बन्धी विवरण १११
८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १११
**खण्ड ९ : विकास सूचकांङ्क र गरिबीको स्थिति ११२**
९.१ मानव विकास सुचकको विवरण (HDI) ११२
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) ११२
९.३ मानव विकास र गरीबी ११३
९.४ गरिबी न्यूनीकरण ११३
९.५ समग्र विकास स्थिति ११३

# तालिका सूची


तालिका नं १: धनुषाधाम नगरपालिकाको पुरानो वडा संरचना ६
तालिका नं २: धनुषाधाम नगरपालिकाको वडा विभाजन ७
तालिका नं ३: धनुषा जिल्लाको तापक्रम (१९८१–२०१०) १२
तालिका नं ४: जनसंख्याको विवरण २३
तालिका नं ५: वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २५
तालिका नं ६: १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८
तालिका नं ७: पहिलो विवाह गर्दाको उमेरको विवरण २९
तालिका नं ८: उमेर समूहअनुसार जनसंख्याको विवरण ३१
तालिका नं ९: धनुषाधाम नगरपालिकाको जनसंख्या र जातजातिको विवरण ३३
तालिका नं १०: मातृभाषा अनुसार जनसंख्याको विवरण ३४
तालिका नं ११: धर्मअनुसार जनसंख्याको विवरण ३७
तालिका नं १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३८
तालिका नं १३: घरमुलीको लैङ्गिक विवरण ३९
तालिका नं १४: महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४०
तालिका नं १५: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ४१
तालिका नं १६: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४३
तालिका नं १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ४३
तालिका नं १८: छानाको आधारमा घरको बनोटको विवरण ४४
तालिका नं १९: जगको आधारमा घरको बनोटको विवरण ४५
तालिका नं २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४७
तालिका नं २१: भू–उपयोग विवरण ४९
तालिका नं २२: नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण ५४
तालिका नं २३: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५६
तालिका नं २४: आश्रित जनसंख्याको विवरण ५७
तालिका नं २५: सेवा केन्द्र अनुसार कृषक समूहको विवरण ५९
तालिका नं २६: नगरपालिकामा रहेका सकृय कृषक समुहको विवरण ५९
तालिका नं २७: सहकारी संस्थामा परिणत भएका कृषक समुहको विवरण ६०
तालिका नं २८: कृषक समुहको हितकोष रकम विवरण ६०
तालिका नं २९: विभिन्न बालीमा लाग्ने रोग विवरण ६१
तालिका नं ३०: बाली पात्रो ६१
तालिका नं ३१: कृषि पकेट क्षेत्रको विवरण ६२
तालिका नं ३२: एग्रोभेट सम्बन्धि विवरण ६२
तालिका नं ३३: कृषि सहकारी संस्थाहरुको विवरण ६३
तालिका नं ३४: सहकारी खेति स्किम बाट सञ्चालित साना सिंचाई योजनाको विवरण ६४
तालिका नं ३५: पशु सेवा केन्द्रहरु ६५
तालिका नं ३६: नगरपालिकामा रहेका पशुपन्छीहरुको विवरण ६५
तालिका नं ३७: नगरपालिकामा रहेका पशुपंक्षी फार्महरुको विवरण ६७

तालिका नं ३८: नगरपालिकामा रहेका गाई/भैंसी फार्महरुको विवरण ६७
तालिका नं ३९: नगरपालिकामा रहेका पशुपालन समूहहरुको विवरण ६८
तालिका नं ४०: कृषि सेवा केन्द्र /सम्पर्क केन्द्र अनुसार मत्स्य प्रोफाईल विवरण ६८
तालिका नं ४१: नगरपालिकामा भएका डेरीहरुको विवरण ६९
तालिका नं ४२: नगरपालिकामा रहेका मासु पसलहरुको विवरण ७०
तालिका नं ४३: बैंकहरुको विवरण ७१
तालिका नं ४४: सहकारी संस्थाको विवरण ७२
तालिका नं ४५: सहकारी संस्थाको नामावली ७३
तालिका नं ४६: बत्ती बाल्न प्रयोग गरिने श्रोत ७८
तालिका नं ४७: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७९
तालिका नं ४८: साक्षरता दर ८२
तालिका नं ४९: शैक्षिक जनशक्तिको विवरण ८३
तालिका नं ५०: विषयगत शैक्षिक जनशक्तिको विवरण ८४
तालिका नं ५१: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८५
तालिका नं ५२: सामाजिक सुरक्षा भत्ता वितरणको विवरण ९२
तालिका नं ५३: बालक्लवको विवरण ९७
तालिका नं ५४: बाल सञ्जालको विवरण ९७
तालिका नं ५५: अपाङ्गताको विवरण ९८
तालिका नं ५६: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ९९
तालिका नं ५७: खानेपानीको विवरण १००
तालिका नं ५८: शौचालयको प्रकार १०१
तालिका नं ५९: वडागत शौचालय संख्याको विवरण १०२
तालिका नं ६०: मानव विकास सुचकको विवरण (HDI) ११२
तालिका नं ६१: गरीबीको दरको विवरण ११३

# नक्सा सूची


नक्सा १: धनुषाधाम नगरपालिकाको समग्र वस्तुस्थिति ४
नक्सा २: धनुषाधाम नगरपालिकाको वडा विभाजन ८
नक्सा ३: धनुषाधाम नगरपालिकामा समावेश भएका साविकका गाविस तथा नपाहरु ९
नक्सा ४: धनुषाधाम नगरपालिकाको उचाई वितरण १०
नक्सा ५: धनुषाधाम नगरपालिकाको भिरालोपना १४
नक्सा ६: धनुषाधाम नगरपालिकामा रहेका नदी तथा खोला १९
नक्सा ७: धनुषाधाम नगरपालिकामा रहेको धार्मिक तथा पर्यटकीय स्थलहरु २०
नक्सा ८: धनुषाधाम नगरपालिकाको जनसंख्या २४
नक्सा ९: धनुषाधाम नगरपालिकाको वडाअनुसार जनसंख्या २६
नक्सा १०: धनुषाधाम नगरपालिकाको वडाअनुसार क्षेत्रफल (वर्ग कि.मि.) २७
नक्सा ११: धनुषाधाम नगरपालिकाको भू–उपयोग ४८
नक्सा १२: धनुषाधाम नगरपालिकामा रहेको सडक सञ्जाल ७६

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्यकता पर्दछ। वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुनाले कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगरपालिका पार्श्वचित्र (Municipality Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

क) नगरपालिका क्षेत्रभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने।

ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण ९ँभभमदबअप० प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने ।

ञ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । नगरपालिकाका विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले धनुषाधाम नगरपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगर पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत नगरपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाको उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवं अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस नगरपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।


- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्धित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगरपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ ।  नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले धनुषाधाम नगरपालिका को सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : धनुषाधाम नगरपालिकाको परिचय




नक्सा १: धनुषाधाम नगरपालिकाको समग्र वस्तुस्थिति

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

धनुषाधाम नगरपालिका नेपालको प्रदेश नं २ अन्तर्गत धनुषा जिल्ला मा पर्दछ। भौगोलिक हिसाबले ८६ डिग्री देखि ८६ डिग्री ५ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर सम्म र २६ डिग्री ४८ मिनेट देखि २६ डिग्री ५७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित धनुषाधाम दशकै एउटा प्रमुख कृषि क्षेत्र हो। ९१.६४ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्व र उत्तरमा गणेशमान चारनाथ नगरपालिका, पश्चिमतिर मिथिला र क्षिरेश्वरनाथ नगरपालिका, दक्षिणमा मिथिला विहारी गाउँपालिका र शहिदनगर नगरपालिका रहेको छ भने पूर्वमा गणेशमान चारनाथ नगरपालिका रहेका छन्। धनुषाधाम नगरपालिकालाई २०७१ बैशाख २५ गते नगरपालिका घोषणा गरीएको थियो। नगरपालिका घोषणा गर्दा जम्मा ९ वडाहरु रहेको थियो भने मिति २०७३ फागुन २२ गते धनुषाधाम नगरपालिकामा भूतही पटेर्वा गा.वि.स. गाभेर जम्मा ९ वडा कायम गरिएको छ।

धनुषाधाम मिथिलाको पवित्र भूमी, माता जानकीको वैवाहिक कार्यक्रमको वखत श्री रामले उचालेको शिवको धनुषा खण्डित भई तीन टुक्रा हुन पुग्दा त्यस मध्येको एक टुक्रा खसेको प्रसिद्ध भूमीको रुपमा परिचित, धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थल हो।

धनुषा जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा धनुषाधाम नगरपालिका रहेको छ। यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। शहरोन्मुख क्षेत्रको रुपमा रहेको नगरमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को विकल्प वैदेशिक रोजगारी पनि हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। राष्ट्रिय जनगणना, २०६८ अनुसार धनुषाधाम नगरपालिकाको जनसंख्या ४५,६६५ रहेको छ जस मध्ये पुरुष ४८.४४ प्रतिशत (२२,०८२ जना) र महिला ५१.५६ प्रतिशत (२३,५०३ जना) रहेका छन्। नगरपालिकाको कुल जनसंख्या मध्ये ५३.७२ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३८.५२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.७७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। यस्तै नगरपालिकामा सबैभन्दा बढी यादव ८,९८९ जना (१९.७२ प्रतिशत), दोस्रोमा मुसहर २,९६८ (६.५१ प्रतिशत) तेस्रोमा तेली २,६४५ (५.८० प्रतिशत), मुसलमान २,६२१ (५.७५ प्रतिशत) र कौइरी/कुशवाहा २,५२६ (५.५४ प्रतिशत) जातजतिहरु सँगै विभिन्न जातजातिहरुको बसोबास रहेको पाईन्छ। नगरपालिकामा बसोबास गर्ने नगरवासीमा ८७.७३ प्रतिशत अर्थात् ३९,९९३ जना हिन्दु, ५.७३ प्रतिशत (२,६१२

जना) इस्लाम धर्मावलम्बीहरु, ५.२६ प्रतिशत (२,३९८ जना) बौद्ध धर्मावलम्बीहरु साथै विभिन्न धर्मावलम्बीहरु रहेका छन् । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, छठ, होलि, रामनवमी, महाशिवरात्री, कृष्णजन्माष्टमी, बकरइद, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ भौगोलिक अवस्थिति

भौगोलिक हिसाबले ८६ डिग्री देखि ८६ डिग्री ५ मिनेट ३० सेकेण्ड पूर्वी देशान्तर सम्म र २६ डिग्री ४८ मिनेट देखि २६ डिग्री ५७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा सम्म फैलिएको छ। ९१.६४ वर्ग कि.मी. क्षेत्रफलमा अवस्थित यस धनुषाधाम नगरपालिकाको पूर्व र उत्तरमा गणेशमान चारनाथ नगरपालिका, पश्चिमतिर मिथिला र क्षिरेश्वरनाथ नगरपालिका, दक्षिणमा मिथिला विहारी गाउँपालिका र शहिदनगर नगरपालिका रहेका छन् । यो नगरपालिका समुद्र सतहबाट न्यूनतम ९३ मिटरदेखि अधिकतम ३१७ मिटरसम्मको उचाइमा रहेको छ ।

समथर तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल तथा जलाधार क्षेत्र भएको यस नगरपालिकाको परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरु रहेका छन् । व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो धनुषा जिल्लाको धनुषाधाम एक प्राचीन ऐतिहासिक महत्वको क्षेत्र हो ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपाल सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२ र ७३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७१/०१/२५ गते देहाय बमोजिमका साविकका गा.वि.स.हरु समेटेर ९ वडाहरु सहितको धनुषाधाम नगरपलिका घोषणा भएको थियो । जसको संरचना देहाय बमोजिम रहेको थियो ।


तालिका नं १: धनुषाधाम नगरपालिकाको पुरानो वडा संरचना

| जिल्ला | नगरपलिकाको नाम | वडा संख्या | नगरपालिकाको केन्द्र | नगरपालिकामा गाभिने गा.पा.हरु | वडा विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक गा.पा.स.र वडाहरु | नगरपीलकामा कायम हुने वडा |
| धनुषा | धनुषाधाम | ९ | धनुषाधाम बजार | धनुषाधाम गोविन्दपुर | गोविन्दपुर -१,२,४,८,९ | १ |
| | | | | | गोविन्दपुर -३,५,६,७ | २ |
| | | | | धनुषाधाम | धनुषाधाम -१,२,३,४,७ | ३ |
| | | | | | धनुषाधाम -५,६,८,९ | ४ |
| | | | | उमाप्रेमपुर | उमाप्रेमपुर-१,२,३,४ | ५ |
| | | | | | उमाप्रेमपुर-३,५,६ | ६ |
| | | | | यज्ञभुमि | यज्ञभुमि-५,६ | ७ |
| | | | | | यज्ञभुमि-१,२,३,४ | ८ |
| | | | | | यज्ञभुमि-७,८,९ | ९ |


माथिको तालिकामा २०७१/०१/२५ गतेमा भएको घोषणा अनुसारधनुषाधाम नगरपालिकाको संरचाना रहेको तत्पश्चात फेरि राज्यको पुनसंरचना सँगै नेपाल संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविककाधनुषाधाम न.पा. (१-९) र भूतही पटेर्वागा.वि.स.(९) लाई समेटेरधनुषाधाम नगरपालिका स्थापना गरीएको थियो। थप गरिएका वडाहरुलाई समावेश गरी हाल यस नगरपालिकालाई ९ वटा वडाहरु कायम गरिएको छ। हाल धनुषाधाम नगरपलिकाको संरचना यस प्रकार रहेको छ।

तालिका नं २: धनुषाधाम नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका सविक गा.वि.स./न.पा. हरु | सविकको वडा नं. |
|---|---|---|
| १ | धनुषाधाम | १ |
| २ | धनुषाधाम | २ |
| | भूतही पटेर्वा | ९ |
| ३ | धनुषाधाम | ३ |
| ४ | धनुषाधाम | ४ |
| ५ | धनुषाधाम | ५ |
| ६ | धनुषाधाम | ६ |
| ७ | धनुषाधाम | ७ |
| ८ | धनुषाधाम | ८ |
| ९ | धनुषाधाम | ९ |





नक्सा २: धनुषाधाम नगरपालिकाको वडा विभाजन




**नक्सा ३:** धनुषाधाम नगरपालिकामा समावेश भएका साविकका गाविस तथा नपाहरु

## २.४ भूक्षेत्र (टोपोग्राफी)




नक्सा ४: धनुषाधाम नगरपालिकाको उचाई वितरण

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो नगर कृषिको लागि उपयुक्त उर्वर माटोको धनी नगरपालिका हो। यहाँको करीव ७१.०२ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ। करीव ११.४७प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने ३.४३ प्रतिशत जलक्षेत्रले ओगटेको छ। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, रहर, तोरी आदी हुन्।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

नगरको उत्तरी क्षेत्रमा चुरे पर्वत श्रृङखला र त्यसअन्तर्गतको भावर प्रदेश रहेको छ भने त्यसभन्दा दक्षिणी भागमा समथर तराइ क्षेत्र रहेको छ। भूआकृतिमा भएको यस फरकअनुसार यी तीन क्षेत्रमा पाइने माटोको बनोटमा पनि फरक पाइन्छ, जुन देहायअनुसार रहेको छ :

#### (क) उत्तरी चुरे क्षेत्र

भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ। यस क्षेत्रमा पाइने चट्टानहरूमा ढुङ्गा, बलौटे चट्टान, बालुवा, खस्रो बालुवा, सिल्ट र सेल लगायत Sand Stone र Conglomerates को बाहुल्यता रहेको छ।

#### (ख) भावर क्षेत्र

चुरे पर्वत श्रृङखलाको दक्षिणी फेदमा यो क्षेत्र रहेको छ। यस क्षेत्रमा ग्राभेल, वालुवा, फुस्रो, रातो हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाईन्छ। यस क्षेत्रको माटो Sandy Loam, Cobbles र Pebbles को आधिक्यता रहेको छ।

#### (ग) दक्षिणी तराइ क्षेत्र

नगरको दक्षिणी भूभागमा अवस्थित यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ।


## २.५ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका बढी उष्ण तथा केही समशितोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइयता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। सन् १९८१ देखि २०१० सम्मको प्राप्त तथ्यांकअनुसार धनुषा जिल्लाको औसत अधिकतम तापक्रम ३४.८ डिग्री सेल्सियससम्म र औसत न्यूनतम तापक्रम ९.१ डिग्री सेल्सियससम्म पुगेको देखिन्छ। सामान्यतया अधिकतम तापक्रम उच्च हुने महिना अप्रिल देखि जुन र न्यून हुने महिना जनवरी हुन्। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं ३: धनुषा जिल्लाको तापक्रम (१९८१-२०१०)

| | औसत अधिकतम तापक्रम °C | दैनिक मध्यम तापक्रम °C | औसत न्यूनतम तापक्रम °C | औसत वर्षा (मि.मि.) |
|---|---|---|---|---|
| जनवरी | २२.२ | १५.६ | ९.१ | ११.७ |
| फ्रेबरी | २६ | १८.६ | ११.३ | ११.४ |
| मार्च | ३१.२ | २३.४ | १५.५ | ११.५ |
| अप्रिल | ३४.८ | २७.७ | २०.६ | ५२.२ |
| मे | ३४.६ | २९.३ | २४ | १२८.३ |
| जुन | ३४.१ | ३० | २५.९ | २३८.७ |
| जुलाई | ३२.५ | २९.३ | २६.१ | ४८७.६ |
| अगस्ट | ३२.७ | २९.६ | २६.४ | ३३९.४ |
| सेप्टेम्बर | ३२.३ | २८.८ | २५.३ | १९७.५ |
| अक्टोबर | ३१.७ | २६.८ | २२ | ६३.९ |
| नोभेम्बर | २९.३ | २२.५ | १५.७ | १.९ |
| डिसेम्बर | २५.१ | १८ | १०.९ | ८.४ |

*स्रोत : जल तथा मौसम विज्ञान विभाग, २०७३*



## २.६ भू-क्षेत्रको वर्गीकरण


धनुषाधाम नगरपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**(क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन क्षेत्र तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको अवस्थामा माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**(ख) Slope 5° - 30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति उपयुक्त हुँदैन। पशु चरन र आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन क्षेत्र विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्दा शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।




नक्सा ५: धनुषाधाम नगरपालिकाको भिरालोपना

## २.७ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरु

नगरपालिकामा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, व्यापार व्यवसाय, उद्योग, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस धनुषाधाम नगरपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास, वैज्ञानिक कृषि प्रणालीको अभाव तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा अनुकुल सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले स्वेदशमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त धनुषाधाम नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- ✓ धनुषा जिल्लामा अवस्थित यस नगरपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ।
- ✓ नगरपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.८ नगरपालिकाको समस्या, चुनौति, अवसर र सम्भावनाहरु

यस धनुषाधाम नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

### क) अवसर तथा सम्भावनाहरु

- ✓ उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता देखिन्छ।

- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ धार्मिक, ऐतिहासिक साथै प्राकृतिक महत्व रहेको यस क्षेत्रमा पर्यटन क्षेत्रको विकास संभावना रहेको छ।

### ख) समस्या तथा चुनौती

- ✓ नगरपालिकाको क्षेत्रभित्र पर्याप्त रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु।
- ✓ नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको उचित व्यवस्थापन हुन नसक्नु।
- ✓ नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु।
- ✓ कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु।
- ✓ आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु।
- ✓ बढ्दो शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु।
- ✓ आकासे पानीमा निर्भर सिचाई।
- ✓ पराम्परागत कृषि प्रणाली।
- ✓ वर्षेनी डुवान तथा कटानको समस्याले कृषि योग्य भूमि खण्डीकृत हुँदै प्रयोग विहिन हुनु।
- ✓ सार्वजनिक निर्माण र विकासमा संबन्धित निकायहरुको समन्वयको अभाव।
- ✓ योजनावद्ध बस्ती विकासको अभाव।
- ✓ वातावरण संरक्षणको ठोस कार्यक्रमको अभाव।

## २.९ नगरपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध

नगरहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरपालिकाले अर्को नगरपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगरपालिका तथा नगरबाट आउने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रबृत्ति निकै बढी देखिन्छ। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर नगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस नगरपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।


## २.१० सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस नगरपालिकाका मुख्य गरी लम्मिताल, कोइलही ताल, सुल्खैया ताल, नथुनिया ताल, नेहटी ताल, जोखर ताल, मुरफुट्टी ताल, मुरकुट्टी, नतनीकतनी, सुकटी, पुरैना ताल लगायत थुप्रै तालहरू रहेका छन्। ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ। यस नगरपालिकामा साना ठुला गरी दर्जनौ प्राकृतिक ताल तलैया रेकर्ड गरिएको छ। जसको क्षेत्रफल करिब १३८.२ हेक्टर रहेको अनुमान गरिएको छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेका छन्।

## २.११ नदि नालाहरु




नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदि नाला, खोला, तालतलैयाहरु र पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी माछा पालन गरेमा जिल्लााका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ।




नक्सा ६: धनुषाधाम नगरपालिकामा रहेका नदी तथा खोला

## २.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




**नक्सा ७:** धनुषाधाम नगरपालिकामा रहेको धार्मिक तथा पर्यटकीय स्थलहरु

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासल सम्पुर्ण विश्व नै एउटा नगरको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको निर्माण हुन गएको छ ।




## २.१३ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यादव, मुसलमान, केवत, तेली, सुधि, दनुवार, मुसाहार, चमार आदि जातका मानिसहरु रहेका छन् जसमा अधिकांश हिन्दू धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, आदि चाडपर्वहरु रहेका छन् ।

## २.१४ सँस्कृति, कला, भाषा र साहित्य

धनुषाधाम नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी नगरपालिकाका रुपमा रेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति , परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

## २.१५ मिथिला संस्कृती र सभ्यता



यो क्षेत्र प्राचिन मिथिलाको सभ्यताको केन्द्र हो। पौराणिक कालमा यहाँ राजा जनकले राज्य गर्दथे । राजा जनक अत्यन्त विद्धान राजा थिए । तसर्थ मिथिला राज्य प्राचिनकालमा ज्ञान विज्ञानको केन्द्र थियो । राजा जनककी छोरी सिता अर्थात जानकी सम्पुर्ण सुलक्षणले युक्त थिइन् । यिनै अलौकिक नारीको विवाह गाराउन एक श्रेष्ठ पुरुषको खोजी गर्न राजा जनकले परीक्षा लिने निर्णय गरे । सोहि अनुसार उनीसाग रहेको पोराणिक शिव धनु राखेको ठाउँबाट उठाउन सक्नेलाई छोरीको विवाह गरिदिने घोषणा पश्चात सयौं पुरुषहरुले धनु उठाउन नसकेको तर मर्यादा पुरुषोत्तम रामले सो धनु उठाउँदा धनु टुक्रा टुक्रा भई धनुका टुक्राहरु राखिएको ठाउँलाई धनुषधाम नाम दिइएको कथन छ । मिथिला राज्यको स्थापना कर्नाटक वंशको पालामा भएको थियो । कर्नाटक वंशका राजा नान्यदेवले मिथिला राज्यको स्थापना गरेका थिए । यो ठाउँ कृषिको लागि योग्य थियो साथै दर्शन, परम्परा, रिति रिवाज, भाषा नाँचगान, चित्रकला आदि सबै सांस्कृतिक पक्षहरुमा समेत सम्पन्न थियो । यहाँको मुख्य भाषा मैथिली हो र यसको लिपिलाई तिरहुता भनिन्छ ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरस्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

तालिका नं ४: जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ४५५८५ |
| पुरुष | २२०८२ (४८.४४ प्रतिशत ) |
| महिला | २३५०३ (५१.५६ प्रतिशत ) |
| लैंगिक दर ( प्रति सय महिलामा पुरुषको संख्या) | ९३.९५ |
| जम्मा घरधुरी | ८,७१५ |
| औषत परिवार आकार | ५.२३ |
| ६ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ४८.०० |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ४९७ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा धनुसाधाम नगरपालिकाको जनसंख्याको विवरण दिईएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार धनुषाधाम नगरपालिकाको जनसंख्या ४५,५८५ रहेको छ जस मध्ये पुरुष ४८.४४ प्रतिशत (२२,०८२ जना) र महिला ५१.५६ प्रतिशत (२३,५०३ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९३.९५ रहेको छ। जनघनत्व ४९७.४४ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५३.७२ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३८.५२ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.७७ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार धनुषाधाम नगरपालिकामा ८,७१५ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरपालिकाको कुल जनसंख्या मध्ये १.०८ प्रतिशत (४९३ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये २६८ जना पुरुष र २२५ जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ५.२३ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा ठूलो परिवारको आकार रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।




नक्सा ८: धनुषाधाम नगरपालिकाको जनसंख्या


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


**तालिका नं ५:** वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ५.७६ | ५.२८ | ९२४ | ४,८७९ | २३७५ | २५०४ | ८४७.०५ |
| २ | ८.२७ | ५.३८ | ८४५ | ४,५४५ | २१६६ | २३७९ | ५४९.५८ |
| ३ | १०.६६ | ५.१२ | ९९९ | ५,११५ | २४१० | २७०५ | ४७९.८३ |
| ४ | ७.४४ | ५.५७ | ६३७ | ३,५४७ | १५९४ | १९५३ | ४७६.७५ |
| ५ | ८.५९ | ५.६४ | १२१२ | ६,८३६ | ३४८४ | ३३५२ | ७९५.८१ |
| ६ | १६.७२ | ५.२२ | ९६२ | ५,०१८ | २४९१ | २५२७ | ३००.१२ |
| ७ | ८.७२ | ५.२१ | १०२८ | ५,३६१ | २५८४ | २७७७ | ६१४.७९ |
| ८ | ५.०३ | ५.०७ | ७६५ | ३,८८२ | १८७९ | २००३ | ७७१.७७ |
| ९ | २०.४५ | ४.७७ | १३४३ | ६,४०२ | ३०९९ | ३३०३ | ३१३.०६ |
| जम्मा | ९१.६४ | ५.२३ | ८,७१५ | ४५,५८५ | २२,०८२ | २३,५०३ | ४९७.४४ |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

कुल ९ वडामा संरचित यस धनुषाधाम नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ५मा रहेको छ जसमा जम्मा जनसंख्या ६,८३६ जहाँ पुरुषको ३,४८४ जना र महिलाको ३,३५२ जना रहेका छन् । यस वडाको औसत परिवार आकार ५.६४ र घरधुरी संख्या १,२१२ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं.४ रहेको छ जसको जनसंख्या ३,५४७ ( पुरुष १,५९४ जना र महिलाको १,९५३ जना) रहेको छ भने घरधुरी संख्या ६३७ र औसत परिवार संख्या ५.५७ रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने उक्त तालिका लाई तल स्तम्भ चित्रमा देखाईएको छ ।






नक्सा ९: धनुषाधाम नगरपालिकाको वडाअनुसार जनसंख्या




नक्सा १०: धनुषाधाम नगरपालिकाको वडाअनुसार क्षेत्रफल (वर्ग कि.मि.)

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी विवाह गरेका घटनाहरू पनि सुनिन्छ।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।यस धनुषाधाम नगरपालिकाको वैवाहिक स्थितिको तल विवरणात्मक विश्लेषण गरिएको छ।


तालिका नं ६: १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा /विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६७६० | ९१४१ | २७८ | ११८ | २९६ | १६ | ११ | १६६२० |
| महिला | ४७६७ | १२३१३ | ८४ | ४४ | ७०६ | ११ | २३ | १७९४८ |
| जम्मा | ११५२७ | २१४५४ | ३६२ | १६२ | १००२ | २७ | ३४ | ३४५६८ |
| प्रतिशत | ३३.३५ | ६२.०६ | १.०५ | ०.४७ | २.९० | ०.०८ | ०.१० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। माथिको आँकडामा धनुषाधाम नगरपालिकामा १० वर्षमाथिको उमेर समुहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा कुल ३४,५६८ मध्ये ११,२९५ अर्थात ( ३३.३५ प्रतिशत) अविवाहित छन् भने यस नगरपालिकामा कुल जनसंख्याको ६६.६५ प्रतिशत विवाहित छन्। जसमा २१,४५४ जना (६२.०६ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्नेको संख्या ३६२ जना (१.०५ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने १६२ जना (०.४७ प्रतिशत), विधुवा/विधुर १,००२ जना (२.९० प्रतिशत), पारपाचुके भएका २७ जना (०.०८ प्रतिशत) र छुट्टिएका ३४ जना (०.१० प्रतिशत) रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १४.७९ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या २७८ हुँदा बहु विवाह गर्ने महिलाको संख्या ८४ रहेको देखिन्छ। जहाँ ५३.५९ प्रतिशतको अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या २९६ र विधवा महिलाको संख्या ७०६ रहेको छ । नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। चन्द्रशमशेरले सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए । समाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थिति असमान देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक प्रभाव देख्न सकिन्छ। यसको विवरणलाई तल वार ग्राफ बाट प्रस्तुत गरिएको छ।





## ३.४ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं ७: पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ८६ | ३४१ | ४०६३ | ४४९९ | ७७० | १२३ | २८ | ९ | ३ | ५ | ९,९२७ |
| महिला | २५७ | १४५४ | ९३१६ | २०८८ | १९५ | १९ | ८ | २ | १ | ५ | १३,३४५ |
| जम्मा | ३४३ | १,७९५ | १३,३७९ | ६,५८७ | ९६५ | १४२ | ३६ | ११ | ४ | १० | २३,२७२ |
| प्रतिशत | १.४७ | ७.७१ | ५७.४९ | २८.३० | ४.१५ | ०.६१ | ०.१५ | ०.०५ | ०.०२ | ०.०४ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। माथिको आँकडामा धनुषाधाम नगरपालिकामा १० वर्षमाथिको उमेर समूहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा नगरपालिकामा कुल जनसंख्याको ६६.६५ प्रतिशत विवाहित छन ।त्यस मध्ये धनुषाधाम नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या १३,३७९ अर्थात् सबैभन्दा बढी (५७.४९ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ६,५८७ (२८.३० प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,७९५ (७.७१ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ३४३ (१.४७ प्रतिशत) रहेको देखिन्छ। नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ साथै तल स्तम्भमा देखाईएको छ ।




माथि तालिका र स्तम्भलाई अध्ययन गर्दा यस नगरपालिकामा बाल विवाहको समस्या देखिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानूनी व्यवस्था गरेको छ यद्यपि धनुषाधाम नगरपालिकामा वि.सं २०६८ मा गारिएको यो सर्वेक्षण हेर्दा ६६.६५ प्रतिशत विवाहित मध्ये १५ वर्षदेखि १९ वर्षमा ५७.४९ प्रतिशत विवाहित छन् । त्यस्तै ११.९७ प्रतिशतको १० देखि १४ वर्षमा विवाह भइसकेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानून विपरित मानिन्छ। अझै  पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय आफुखुसी उमेर अगावै विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ।

समय परिवर्तनको दौरान सँगै २०६८ को आँकडा भन्दा सकरात्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन। विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरु निम्त्याएको कुरा लाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरु बाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण

तालिका नं ८: उमेर समूहअनुसार जनसंख्याको विवरण


| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | २३२८ | २३९६ | ४,७२४ | १०.३६ | ०.९७ |
| ५–९ | ३१३४ | ३१५९ | ६,२९३ | १३.८० | ०.९९ |
| १०–१४ | ३३६७ | ३१७४ | ६,५४१ | १४.३५ | १.०६ |
| १५–१९ | २३७३ | २०२५ | ४,३९८ | ९.६५ | १.१७ |
| २०–२४ | १५०४ | १८९० | ३,३९४ | ७.४५ | ०.८० |
| २५–२९ | १२९९ | २०२० | ३,३१९ | ७.२८ | ०.६४ |
| ३०–३४ | ११९८ | १६९० | २,८८८ | ६.३४ | ०.७१ |
| ३५–३९ | १२४१ | १६९६ | २,९३७ | ६.४४ | ०.७३ |
| ४०–४४ | ११२२ | १२९५ | २,४१७ | ५.३० | ०.८७ |
| ४५–४९ | १०६१ | १०४८ | २,१०९ | ४.६३ | १.०१ |
| ५०–५४ | ९२१ | ७९३ | १,७१४ | ३.७६ | १.१६ |
| ५५–५९ | ६९१ | ६२० | १,३११ | २.८८ | १.११ |
| ६०–६४ | ७४१ | ६८४ | १,४२५ | ३.१३ | १.०८ |
| ६५–६९ | ५१३ | ४८७ | १,००० | २.१९ | १.०५ |
| ७०–७४ | ३३९ | ३०६ | ६४५ | १.४१ | १.११ |
| ७५–७९ | १२७ | ११९ | २४६ | ०.५४ | १.०७ |
| ८०–८४ | ८२ | ५९ | १४१ | ०.३१ | १.३९ |
| ८५–८९ | २५ | १० | ३५ | ०.०८ | २.५० |
| ९०–९४ | १३ | २१ | ३४ | ०.०७ | ०.६२ |
| ९५+ | ३ | ११ | १४ | ०.०३ | ०।२७ |
| **जम्मा** | २२,०८२ | २३,५०३ | ४५,५८५ | १००.०० | ०.९४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यहाँ धनुषाधाम नगरपालिकाको उमेरगत जनसंख्याको विवरण दिईएको छ। जसमा २०६८ को जनगणना अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १७,५५८ (३८.५२ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १९,३५३ (४२.४५ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या २४,४८७ (

५३.७२ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या २३,५०३ (५१.५६ प्रतिशत) र पुरुषको जनसंख्या २०,०८२ (४८.४४ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ३.१२ प्रतिशत देखिन्छ। देशको समग्र जनसंख्यामा महिलाको संख्या बढी रहेको छ । यस नगरपालिकामा पुरुषको संख्या ३.१२ प्रतिशतले बढी देखिन्छ । ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ३,५४० (७.७७ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरमा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस न.पा. मा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ। यस विवरणलाई तल स्तम्भ चित्रबाट स्पष्ट बनाईएको छ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.६ जातजाति समूह अनुसार जनसंख्याको विवरण


यस नगरपालिकामा यादव, मुसहर, तेली, मुसलमान, कोइरी/कुशवाहा, तामाङ्ग, केवत, चमार/हरिजन, धानुक, तात्मा/तात्वा, ब्राह्मण, बारई, सुधी,राम, हलुवाई, क्षेत्री, मगर, सुनार, कामी, सन्यासी, सार्की, दमाई, नेवार, ठकुरी, दमाई, थकाली, राजपुत आदि जातका मानिसहरु वसोवास गर्दछन । धनुषा जिल्लाको प्रशिद्ध यस मिथिाला राज्य तराईको संगम भएको हुदा यहांको सामाजिक जनजीवन तथा पद्धतिमा पनि आफ्नै विशेषता छन् । यहाँ विशेषत कोइरी/कुशवाहा, क्षेत्री, यादव, तामाङ्ग, मगर वस्तीहरु छन् भने यी जाति लगायत ४३ जातिको बसोबास रहेको तथ्याङ्कले देखाउँछ । यहाँ कुल जनसंख्यामा यादव जाति १९.७२ दखिन्छ । यसैगरी धनुषाधाम नगरपालिकाको जाती अनुसार जनसंख्याको विवरणलाई तल तालिकामा देखाईएको छ ।

तालिका नं ९: धनुषाधाम नगरपालिकाको जनसंख्या र जातजातिको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | यादव | ८,९८९ | १९.७२ | १२ | बीन | १,४८० | ३.२५ |
| २ | मुसाहार | २,९६८ | ६.५१ | १३ | बराई | १,१८९ | २.६१ |
| ३ | तेली | २,६४५ | ५.८० | १४ | सुधी | १,१३० | २.४८ |
| ४ | मुसलमान | २,६२१ | ५.७५ | १५ | क्षेत्री | ८२४ | १.८१ |
| ५ | कौइरी/कुशवाहा | २,५२६ | ५.५४ | १६ | सार्की | ६७८ | १.४९ |
| ६ | तामाङ्ग | २,२२९ | ४.८९ | १७ | हजाम/ठाकुर | ६४४ | १.४१ |
| ७ | केवत | २,१११ | ४.६३ | १८ | हलुवाई | ६४२ | १.४१ |
| ८ | चमार/हरिजन/राम | २,०४२ | ४.४८ | १९ | दनुवार | ६१९ | १.३६ |
| ९ | धानुक | १,९६३ | ४.३१ | २० | कामी | ५८० | १.२७ |
| १० | तात्मा/तात्वा | १,७७५ | ३.८९ | २१ | खात्वे | ५६० | १.२३ |
| ११ | मगर | १,७३७ | ३.८१ | २२ | अन्य | ५,६३३ | १२ |
| १२ | बीन | १,४८० | ३.२५ | | जम्मा | ४५,५८५ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार धनुषाधाम नगरपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी यादव ८,९८९ जना (१९.७२ %), दोस्रोमा मुसहर २,९६८ (६.५१%), तेस्रोमा तेली २,६४५ ( ५.८० %), मुसल्मान २,६२१ (५.७५ %) र कौइरी/कुशवाहा २,५२६ (५.५४ %) र रहेका छन् भने अन्य विभिन्न जातजातिको जम्मा जनसंख्या ५,६३३ (१२ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

तालिका नं १०: मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मैथिली | ३३,८४९ | ७४.२५ | | ९ | उरन्वा/उराउ | २१८ | ०.४८ |
| २ | नेपाली | ३,४७४ | ७.६२ | | १० | सुनुवार | १५६ | ०.३४ |
| ३ | मगादी | ३,२१७ | ७.०६ | | ११ | राई | ६८ | ०.१५ |
| ४ | तामाङ्ग | १,९२७ | ४.२३ | | १२ | नेवार | ५९ | ०.१३ |
| ५ | मगर | १,४९२ | ३.२७ | | १३ | डोटेली | २१ | ०.०५ |
| ६ | उर्दु | ४७९ | १.०५ | | १४ | अन्य | ५५ | ०.१२ |
| ७ | उल्लेख नगरिएको | ३११ | ०.६८ | | | जम्मा | ४१,०३० | १००.०० |
| ८ | भोजपुरी | २५९ | ०.५७ | | | | | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा विविधता रहेको पाइन्छ। मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी यादव जातिको बसोबास रहेको हुँदा मैथली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ३३,८४९ (७४.२५ प्रतिशत) रहेको देखिन्छ भने दोस्रोमा नेपाली भाषा ३,४७४ (७.६२ प्रतिशत), तेस्रोमा मगादी बोल्ने संख्या ३,२१७ (७.०६ प्रतिशत) रहेको पाइन्छ । यसैगरी तामाङ्ग भाषा बोल्नेहरुको संख्या १,९२७ (४.२३ प्रतिशत), मगर भाषा बोल्नेहरुको संख्या १,४९२ (३.२७ प्रतिशत) रहेका छन्। यस्तै नगरमा मगादी, नेवार, उर्दु, सुनुवार, भोजपुरी, राई, हिन्दी, चामलिङ्ग, लिम्बु, डोटेली, थारु, राजस्थानी, अवादी इत्यादी भाषा बोल्नेहरु देखिन्छ जसको संख्या अत्यन्तै न्यून रहेको छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा साथै तल स्तम्भ चित्रमा पनि देखाइएको छ।



### क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ ।

यस नगरको कुल जनसंख्या ४५,५८५ मध्ये ११.१७ प्रतिशत (५,०९४ जना) जनसंख्या आदिवासी (थारु, मगर, नेवार, गुरुङ, तामाङ, लिम्बु आदि) रहेको छ । आदिवासीहरु सबैभन्दा बढी तामाङ जातिको संख्या २,२२९ ( ४.८९ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी समुदायद्वारा धनुषाधाम नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस नगरपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग कुस्ती खेल्दै धनुषाधाम को विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत अति पछाडी परेको देखिन्छ। धनुषाधाम नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ। यस समुदाय माथि विशेष ध्यान दिनु आवश्यक देखिन्छ।

### ख) सिमान्तकृत उत्पीडित अल्पसंख्यक समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जात जातिको हिसावले धनुषाधाम नगरपालिकामा पाँचौ ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले लगभग ३१.९१ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि., र मा.वि.मा अध्ययन छात्रछात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक हुँदा पनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका

छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। धनुषाधाम को विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

धर्म अनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस नगरपलिकामा आदिवासी/जनजाति अन्य जातजातिहरुको बसोबास रहेता पनि यस नगरपालिकाको प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि मगर, राई, थारु समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्रहरु जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोक जीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो सांस्कृतिक मौलिकपना नै हो। नगरपालिकामा विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन्। जस्तै, हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, आदि चाडपर्वहरु मनाउँने गर्दछन्। बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ। यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर, आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे आदि मनाउने गर्दछन्। यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुको भेषभूषाको बारेमा चर्चा गर्दा महिलाको साडी, चोलो तथा पुरुषको धोती, कुर्ता, कमेज भएको पाइन्छ। पहाडे मुलका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमेज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मूलकाले कमेज, धोती आदि लगाउँछन्। तर आधुनिकताको प्रभावका कारण अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्। यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा गर्मीका लागि उपयुक्त पातलो कपडाहरु लगाउने तथा जाडोमा शितलहर चल्ने हुँदा न्यानो कपडाहरु लगाइन्छ।

धनुषाधाम नगरपालिका नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको स्थल हो। त्रेतायुगका राजा महर्षि जनकको उत्कृष्ट राजधानी जनकपुर अहिले एक विशिष्ठ धार्मिक र पर्यटकीय स्थलका रुपमा समेत विकसित हुदै गईरहेको छ। त्रेतायुगमा मर्यादा पुरुषोत्तम श्रीरामसंग जानकीको विवाह पश्चात यस क्षेत्रको गरिमा अझउत्कर्षमा पुगेको पाईन्छ। यहा भगवान राम र सीताको शुभबिबाह सम्पन्न भएको हुनाले देशका विभिन्न स्थानवाट वैवाहिक कार्यकोलागि समेत यसै स्थानमा आउने चलन छ। यस स्थानमा विवाह गर्नाले वर वधुको जीवन

सफल हुने विश्वास सर्वत्र गरिन्छ। त्यस्तै श्रीरामचन्द्र भगवानले आफ्नो वाणवाट जमिनको पानी निकाली नुहाएको स्थान आज गंगासरको नामले प्रसिद्धि छ। यस स्थानमा नुहाउनाले मानिसको छाला सम्बन्धि रोगहरु र पानी खानाले पेट सम्बन्धिका रोगहरु निको हुने  विश्वास गरिन्छ।

धनुषा जिल्लाको हालको स्वरुप कोशी देखि गण्डकी र गंगा देखि हिमालय सम्म फैलिएको वृहद धनुषाधाम प्रदेशको युगान्तरमा खुम्चिदै गइ सानो स्वरुप नै हो भन्नु अतिश्योक्ति नहोला। किंवदन्ती अनुसार पुर्व वैदिक युगमा मानव वसोवास नभएको यस क्षेत्रमा माथव विदेधले मुखमा अग्नी लिई यस वनले ढाकिएको अनकन्टार प्रदेशमा आईपुग्दा उनको मुखमा रहेको अग्नी वाहिर आई सम्पुर्ण वनको विनाश भए पश्चात यहाँ मानव वसोवास शुरु भएको थियो। त्रेतायुगमा रजा जनकले प्रजाहरुलाई अनिकालवाट मुक्ति दिलाउन आफै हलो जोत्न थाल्दा भुमीबाट बालिका जानकी उत्पन्न भईन् जसको कारणवाट यस प्रदेशको पवित्र गाथा भएको पाईन्छ। सर्वगुण सम्पन्न श्रीजानकी को विवाहका लागि स्वयंवर लिन ईच्छुक विभिन्न प्रदेशवाट आएका शक्तिसम्पन्न राजकुमारहरु मध्येवाट शिवधनुषमा तांदो चढाउने लाई वरको रुपमा ग्रहण गर्ने राजा जनकको शर्तमा अयोध्यावाट आएका दशरथपुत्र श्रीराम वाहेक कोही उतिर्ण हुन सकेनन्। श्रीरामले सो धनुषमा तांदो चढाउन लाग्दा अत्यधिक वजनले सो धनुष खण्डीत हुन पुग्यो। सो धनुषको एक टुका झरेको स्थानलाई धनुषाधाम भनिन्छ। यसै वाट जिल्लाको नाम धनुषा भनी नामाकरण भएको पुष्टि हुन्छ। धनुषा नगरपालिकाको धार्मिक महत्व प्राचीनकाल देखि नै प्रख्यात रहेको पाईन्छ।


यस नगरपालिकाको धर्म अनुसार जनसंख्याको वितरण निम्न अनुसार रहेको छ।

तालिका नं ११: धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | इस्लाम | बौद्ध | प्रकृति | क्रिश्चियन | किराँत | शिख | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३९९९३ | २६१२ | २३९८ | १९५ | १४२ | ५ | १ | २३९ | ४५५८५ |
| ८७.७३ | ५.७३ | ५.२६ | ०.४३ | ०.३१ | ०.०१ | ०.०० | ०.५२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कुल जनसंख्या ४५,५८५ जना रहेकोमा ८७.७३ प्रतिशत अर्थात् ३९,९९३ जना हिन्दु, ५.७३ प्रतिशत (२,६१२ जना) इस्लाम धर्मावलम्बीहरु, ५.२६ प्रतिशत (२,३९८ जना) बौद्ध धर्मावलम्बीहरु, ०.३१ प्रतिशत (१४२ जना) क्रिश्चियन, ०.०१ प्रतिशत (५ जना) किराँत, ०.४३ प्रतिशत (१९५ जना) प्रकृति र शिख धर्मावलम्बीहरु १ जना सबै भन्दा कम रहेको पाईन्छ। माथिको तालिकामा धनुषाधाम नगरपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यस तथ्याङ्कबाट नगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिका र तल स्तम्भमा उल्लेख गरिएको छ।





## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं १२: परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ८७८ | ० | ० | ४६ | ९२४ |
| २ | ८४४ | ० | ० | १ | ८४५ |
| ३ | ९६४ | १८ | २ | १५ | ९९९ |
| ४ | ६१५ | ० | ० | २२ | ६३७ |
| ५ | १११० | ० | ० | १०२ | १,२१२ |
| ६ | ९५७ | ० | ० | ५ | ९६२ |
| ७ | १०२२ | ५ | १ | ० | १,०२८ |
| ८ | ७५१ | १ | १ | १२ | ७६५ |
| ९ | १२७६ | ५१ | ० | १६ | १,३४३ |
| जम्मा | ८,४१७ | ७५ | ४ | २१९ | ८,७१५ |
| प्रतिशत | ९६.५८ | ०.८६ | ०.०५ | २.५१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा धनुषाधाम नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा ८,७१५ घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ८,४१७ ( ९६.५८ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ७५ (०.८६) प्रतिशत रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ४ (०.०५ प्रतिशत) र अन्य घरधुरीको संख्या २१९ (२.५१ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. २ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या बढी रहेको पाइन्छ। त्यसैगरी वडा नं.९ मा अन्य वडाको तुलनामा भाडाको घरधुरी संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ। यस विवरणलाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।





## ३.१० घरमूलीको लैङ्गिक विवरण

तालिका नं १३: घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ७११ | २१३ | ९२४ |
| २ | ५९५ | २५० | ८४५ |
| ३ | ७१२ | २८७ | ९९९ |
| ४ | ४२६ | २११ | ६३७ |
| ५ | १०८६ | १२६ | १,२१२ |
| ६ | ७४८ | २१४ | ९६२ |
| ७ | ७६० | २६८ | १,०२८ |
| ८ | ६११ | १५४ | ७६५ |
| ९ | १००७ | ३३६ | १,३४३ |
| जम्मा | ६,६५६ | २,०५९ | ८,७१५ |
| प्रतिशत | ७६.३७ | २३.६३ | १००.०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

२०६८ को केन्द्रीय तथ्यांक विभागको नतिजाअनुसार जम्मा ८,७१५ घरधुरी संख्या रहेको यस नगरपालिकामा ७६.३७ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव चार भागको एक भाग मात्र २३.६३ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । धनुषाधाम नगरपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा वडा नं. ४ मा सबै भन्दा बढी अर्थात ३३.१२ प्रतिशत महिला घरमुली रहेको देखिन्छ भने वडा नं. ५ सबैभन्दा कम अर्थात १०.४० प्रतिशत महिला घरमुली रहेको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

**तालिका नं १४:** महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १७ | ८९९ | ८ | ९२४ |
| २ | २१० | ६२५ | १० | ८४५ |
| ३ | ९८ | ८७७ | २४ | ९९९ |
| ४ | ९३ | ५३९ | ५ | ६३७ |
| ५ | २१३ | ९६७ | ३२ | १,२१२ |
| ६ | ६० | ८५९ | ४३ | ९६२ |
| ७ | ९१ | ९२७ | १० | १,०२८ |
| ८ | ३० | ७३५ | ० | ७६५ |
| ९ | ७० | १२६९ | ४ | १,३४३ |
| जम्मा | ८८२ | ७,६९७ | १३६ | ८,७१५ |
| प्रतिशत | १०.१२ | ८८.३२ | १.५६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा धनुषाधाम नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ८८२ (१०.१२ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ७,६९७ (८८.३२ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या १३६ (१.५६ प्रतिशत) रहेको छ । माथिको विवरण हेर्दा समयसँगै लैङ्गिक समानतामा उल्लेख्यय सुधार हुन सकिरहेको छैन तथापी केही हद सम्म राज्यमा महिला सशक्तिकरण तथा महिला अधिकारको बहस भईरहँदा अझै लैङ्गिक समानताको पक्षमा अभियान चलाउनुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकाले देखाउँछ। यस विवरणलाई तल स्तम्भमा उल्लेख गरिएको छ।




माथिको विवरण र स्तम्भलाई हेर्दा स्वामित्वको असमान स्थिति रहेको छ । धनुषाधाम नगरपालिकाको विवरणले आजको समयमा पनि लैङ्गिक असमानताको चरम स्थिति चित्रण गर्दछ । घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। २०६८ सालको सर्वेक्षण भन्दा समयसँगै केही समानतामा परिवर्तन भएन भन्न सकिँदैन यद्यपि असमानताको खाडल भने पुरिएको छैन भन्नु जायज नै देखिन्छ समग्र नेपालको परिस्थिति जस्तै धनुषाधाम नगरको यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।


## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं १५: महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ३९ | ८७७ | ८ | ९२४ |
| २ | २६४ | ५७१ | १० | ८४५ |
| ३ | १७३ | ८०२ | २४ | ९९९ |
| ४ | १६५ | ४६७ | ५ | ६३७ |
| ५ | ४१५ | ७६५ | ३२ | १,२१२ |
| ६ | २३३ | ६८६ | ४३ | ९६२ |
| ७ | २०९ | ८०९ | १० | १,०२८ |
| ८ | ११७ | ६४८ | ० | ७६५ |
| ९ | ४६० | ८७९ | ४ | १,३४३ |
| जम्मा | २,०७५ | ६,५०४ | १३६ | ८,७१५ |
| प्रतिशत | २३.८१ | ७४.६३ | १.५६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस धनुषाधाम नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या २,०७५ (२३.८१ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ६,५०४ (७४.६३ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा तुलानात्मकरुपमा जमिनमा महिलाको स्वामित्व केही बढी देखिन्छ। माथिको तालिकालाई तल स्तम्भ प्रस्तुत गरिएको छ।




मथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले भूमि सम्बन्धी कारोबार गर्दा महिलाको नाम मा गर्दा केही छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व १०.१२ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व २३.८१ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागु गरेको नीति पनि हो यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका महिला केन्द्रित कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानताले सुधारको वाटो पहिल्यउन सकोस्।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

लामो समयसम्म विशेष काम अध्ययन, व्यवसाय वा अन्य प्रयोजनको लागि आफनो स्थायी वासस्थान छोडी अन्यत्र रहने जनसंख्याको हिस्सालाई अनुपस्थित जनसंख्या भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याकोरुपमा तथ्याङ्कमा देखाउने गरिन्छ। यस धनुषाधाम नगरपालिकामा रहेको अनुपस्थित घरधुरीको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं १६: अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
|---|---|---|---|---|
| २०६८ | ८,७१५ | ३,५७७ | ५,११७ | २१ |
| प्रतिशत | १०० | ४१.०४ | ५८.७१ | ०.२४ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकामा अनुपस्थित घरधुरी संख्या ३५७७ (४१.०४ प्रतिशत) रहेको देखिन्छ। भने उपस्थित घरधुरी संख्या ५११७ ( ५८.७१ प्रतिशत) रहेको देखिन्छ । उल्लेख नगरिएको घर संख्या २१ रहेको छ । यसरी हेर्दा यस नगरपालिकामा धेरै घरधुरी खाली रहेको पाइन्छ। यो दुर्गम क्षेत्र भएको हुनाले यस क्षेत्रमा धेरै घरहरु खालि रहेको देखिन्छ। मानिसहरु धेरै सेवा सुविधा खोज्ने क्रममा बढि शहर केन्द्रित भएर नगरका घरहरु खालि भएको पाइन्छ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं १७: बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईँटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १७२ | ८७ | ७ | ६४५ | ३ | ० | १० | ९२४ |
| २ | ३९ | ९४ | ८ | ६९५ | ० | ० | ९ | ८४५ |
| ३ | २० | १०५ | ३५ | ७४४ | ० | १ | ९४ | ९९९ |
| ४ | ४ | २८ | ५६ | ५३६ | ० | ० | १३ | ६३७ |
| ५ | १४ | २०८ | ६ | ९६५ | ० | ० | १९ | १,२१२ |
| ६ | ९ | १०२ | १४ | ८१२ | ० | १ | २४ | ९६२ |
| ७ | १४ | १२९ | ९ | ८६४ | १ | ० | ११ | १,०२८ |
| ८ | १० | ८० | ८ | ६६५ | ० | ० | २ | ७६५ |
| ९ | ४ | २३० | ९ | १०८० | ० | १ | १९ | १,३४३ |
| जम्मा | २८६ | १,०६३ | १५२ | ७,००६ | ४ | ३ | २०१ | ८,७१५ |
| प्रतिशत | ३.२८ | १२.२० | १.७४ | ८०.३९ | ०.०५ | ०.०३ | २.३१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस धनुषाधाम नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा बाँसजन्य सामग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी सबैभन्दा धेरै ७,००६ (८०.३९ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईँटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ४ (०.०५ प्रतिशत) रहेको देखिन्छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या १,०६३ (१२.२० प्रतिशत), काठ तथा फल्याकको बाहिरी गारोको घरधुरी संख्या १५२ (१.७४ प्रतिशत), माटोको जोडाई भएको ईँटा तथा ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या २८६ (३.२८ प्रतिशत) रहेको छ भने अन्य ३ (०.०३ प्रतिशत) र उल्लेख नगरिएको २०१ (२.३१ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ भने वडा नं. १ र ७ बाहेक सबै वडाहरुमा काँचो ईँटाबाट बाहिरी गारो बनेको घरधुरी नै देखिदैन।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

**तालिका नं १८:** छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३०१ | ९ | ५६३ | ३७ | २ | ० | १२ | ९२४ |
| २ | ८७ | १२ | ७१५ | १८ | ४ | ० | ९ | ८४५ |
| ३ | २४५ | २० | ५६७ | ६१ | ५४ | २ | ५० | ९९९ |
| ४ | ८९ | १३ | ४४४ | ११ | ६४ | १ | १५ | ६३७ |
| ५ | २०४ | १० | ८६३ | ८९ | २६ | ० | २० | १,२१२ |
| ६ | ५० | ११ | ८४४ | २४ | २ | २ | २९ | ९६२ |
| ७ | १४४ | २९ | ७७५ | ४६ | १९ | ० | १५ | १,०२८ |
| ८ | ८८ | ९ | ५५४ | २५ | ८७ | ० | २ | ७६५ |
| ९ | १७५ | ४२ | १००८ | ९६ | ० | १ | २१ | १,३४३ |
| जम्मा | १,३८३ | १५५ | ६,३३३ | ४०७ | २५८ | ६ | १७३ | ८,७१५ |
| प्रतिशत | १५.८७ | १.७८ | ७२.६७ | ४.६७ | २.९६ | ०.०७ | १.९९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस धनुषाधाम नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै ६,३३३ (७२.६७प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा कमजस्ता/टिन/च्यादररहेको घरधुरी संख्या १५५ (१.७८ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा खर/पराल/छ्वालीको छाना रहेको घरधुरी १,३८३ (१५.८७ प्रतिशत), सिमेन्टेट ढलान भएको घरधुरी ४०७( ४.६७ प्रतिशत) र काठ फल्याकको छाना रहेको घरधुरी २५८ (१.७२ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भ चार्ट मार्फत दिइएको छ।




तराईको समथर भुभागमा टायल, खपडा, झिँगटी तथा ढुङ्गा र खर/पराल/छ्वालीको छाना प्रयोग जोखिमयुक्त देखिन्छ । वसन्त ऋतुहरुमा हावाहुरीको कारण आगलागीको समस्या बर्षेनी भोग्न पर्ने बाध्यता छ । आगलागी तथा डुबानको जोखिम बढी हुने यस खालको घरको संरचाना लाई सुरक्षित मान्न सकिँदैन । यसलाई न्यूनीकरण गर्न आवश्यक कदम चाली प्रकोपको पुर्व तयारी गर्नु आवश्यक देखिन्छ ।


## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं १९: जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १४२ | ९८ | २ | ६७२ | ० | १० | ९२४ |
| २ | १८ | ९० | ८ | ७१९ | १ | ९ | ८४५ |
| ३ | ४ | १०६ | ३ | ७९२ | १ | ९३ | ९९९ |
| ४ | ३ | २२ | ५ | ५९४ | ० | १३ | ६३७ |
| ५ | ३० | २०४ | १३ | ९४५ | २ | १८ | १,२१२ |
| ६ | ३ | ९६ | ५ | ८३१ | ३ | २४ | ९६२ |
| ७ | ५५ | ११४ | १८ | ८३० | ० | ११ | १,०२८ |
| ८ | २७९ | ७६ | ६ | ४०१ | १ | २ | ७६५ |
| ९ | ५ | २५० | २ | १०६६ | १ | १९ | १,३४३ |
| जम्मा | ५३९ | १,०५६ | ६२ | ६,८५० | ९ | १९९ | ८,७१५ |
| प्रतिशत | ६.१८ | १२.१२ | ०.७१ | ७८.६० | ०.१० | २.२८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

धनुषाधाम नगरपालिकामा परिवारले प्रयोग गरेको काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ६,८५० (७८.६०प्रतिशत) छन् भने सबैभन्दा कम ढलान पिल्लर सहितको जग भएको घरधुरी ६२ (०.७१ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएको घरधुरी १,०५६ (१२.१२ प्रतिशत) र माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाको जग भएको घरको संख्या ५३९ (६.१८ प्रतिशत) रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरुमा बसाई सराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। यस धनुषाधाम नगरपालिकामा छिमेकी गाउँपालिका, नगरपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने क्रम बढीरहेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरु छन् । ती मध्ये पाँच मुख्य कारण अवसरहरु, आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । यस नगरको मलिलो माटो र तराईको सुगम नगर भएकोले खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई तिव्र भएको पाइएको छ। नगरको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ। बेरोजगारीको समस्या नगरको समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने जाने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा नगरको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनुको साथै रोजगार श्रृजन गर्नु आवश्यक देखिन्छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रिया पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी मान्यता पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले आधिकारिक प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।

तालिका नं २०: व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| क्र.सं. | दर्ता मिति | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता संख्या | बसाई सराई | | | सम्बन्ध विच्छेद दर्ता संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | |
| १ | २०७३ बैशाख देखि चैत सम्म | ११३५ | १७८२ | २९१७ | १८७ | २९९ | ४८६ | ७४३ | १८७ | १२६ | १७५ | ० |
| २ | २०७४ बैशाख | ५७ | ६९ | १२६ | ११ | १३ | २४ | ४३ | १५ | ७ | ११ | ० |


*स्रोत : धनुषाधाम नगरपालिका कार्यालय,२०७४*

धनुषाधाम नगरपालिकामा २०७३ बैशाख देखि चैत सम्म २९१७ जनाको जन्मदर्ता,४८६ जनाको मृत्युदर्ता गरेका छन् भने नगरमा विवाह दर्ताको स्थिति हेर्दा नगरमा ७४३ जनाको विवाह दर्ता भएको देखिन्छ। सो अवधीमा नगरमासम्बन्ध विच्छेदको घटना दर्ता भने नभएको देखिन्छ। यस अवधिमा बसाईसराई गरेर जानेको संख्या १२६ र बसाईसराई गरेर आउनेको संख्या १७५ रहेकोमा जम्मा १८७ बसाईसराई दर्ता भएको देखिन्छ।

त्यस्तै २०७४ साल वैशाखमा १२६ जनाको जन्मदर्ता, २४ जनाको मृत्युदर्ता गरेका छन् भने ४३ जनाको विवाह दर्ता भएको देखिन्छ। सो अवधीमा नगरमासम्बन्ध विच्छेदको घटना दर्ता भने नभएको देखिन्छ। यस अवधिमा बसाईसराई गरेर जानेको संख्या ६ र बसाईसराई गरेर आउनेको संख्या ११ रहेकोमा जम्मा १५ वटा बसाईसराई दर्ता भएको देखिन्छ।

# खण्ड ४ : भू-उपयोग

## ४.१ नगरपालिका भू-उपयोगको विवरण




नक्सा ११: धनुषाधाम नगरपालिकाको भू-उपयोग

तालिका नं २१: भू-उपयोग विवरण

| विवरण | क्षेत्रफल (वर्ग कि.मी ) मा | प्रतिशत |
|---|---|---|
| झाडी | ३.८३ | ४.१८ |
| खेतियोग्य जमिन | ६५.०८ | ७१.०२ |
| वन | १०.५१ | ११.४७ |
| चरन क्षेत्र | ६.९८ | ७.६२ |
| बालुवा | २.१ | २.२९ |
| पानी | ३.१४ | ३.४३ |
| जम्मा | ९१.६४ | १००.०० |

*स्रोत : नापी विभाग, २०७४*

धनुषाधाम नगरपालिका विद्यमान भू-उपयोगको अवस्था हेर्दा नगरपालिकामा कुल ९१.६४ वर्ग कि.मी क्षेत्रफलमा ७१.०२ प्रतिशत (६५.०८ वर्ग कि.मी.) जमिन खेतियोग्य रहेको छ भने ११.४७ प्रतिशत (१०.५१ वर्ग कि.मी.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरमा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको नगरपालिका हो । त्यस्तै चरन क्षेत्रले ७.६२ प्रतिशत (६.९८ वर्ग कि.मी.), बालुवाले २.२९ प्रतिशत (२.१ वर्ग कि.मी.), पानीले ३.४३ प्रतिशत (३.१४ वर्ग कि.मी.) र झाडी क्षेत्रले ४.१८ प्रतिशत (३.८३ वर्ग कि.मी.), जग्गा ओगटेको पाइन्छ ।नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितीहरु अवलम्बन गर्न सकिन्छ भन्ने यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ४.२ बस्ती विकासको स्वरुप

धनुषाधाम नगरपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडिएको हुँदा नगरको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। धनुषाधाम नगरपालिकाले नगर विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ ।



### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु नगर क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन। जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन्।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन। जग्गा र घरधनीको सहमतिमा नगरपालिका विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ। यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ। स्थानीय स्वायत्त ऐन, २०५५ वमोजिम जग्गा विकास सम्बन्धी काम नगरपालिका आफैले गर्न सक्छ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन। जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ। यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ। पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ। यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ। जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन्। विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन्। यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन। तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ। योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ। यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ। व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरुप

धनुषाधाम नगरपालिका केही उष्ण क्षेत्र भएपनि जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत अन्य नगरपालिकाहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा नगरपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररुपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न नगरपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगर क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। बसाई सराईका कारणबाट नगरपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलत: नगरका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ भने त्यस्तो ठाउँहरुमा वर्षेनी डुबानको प्रकोप हुने हुँदा धनजनको प्रसस्त क्षति हुने गरेको देखिन्छ । तसर्थ अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने

मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।



## ४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं २२: नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |

| | | | |
|---|---|---|---|
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्ंचात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना  कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप

नगरको अर्थतन्त्र मुख्यतया: कृषि, व्यपार व्यवसाय नोकरी, वन, मत्स्यपालन, थोक, खुद्रा बजार, होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरमा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण नगरका सबै वडा तथा जिल्लाभित्रका सबै गाविसहरूमा पहुँच सहज बनाएको छ। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धताका नगरमा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ। त्यसैगरी नगरमा ठूलो संख्यामा रहेका तालहरूसहितको सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। सुगम क्षेत्रमा अवस्थित ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक स्थल यस धनुषाधाम नगरपालिकामा क्षेत्रीय आकर्षण रहनु, जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न ऐन, कानुन, नीति, नियम कार्यान्वयनमा रहनुलगायत विभिन्न अवसरहरू नगरको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, धागोको उद्योग, त्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस नगरका मानिसहरु क्रमिकरुपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ। यस नगरको अर्को विकल्प वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन।

धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। पर्यटन व्यवसाय, ट्राभल एजेन्सी, ट्रेकीङ्ग एजेन्सी, होटेलहरु, होमस्टे, मील, फर्निचर उद्योग, पशुपालन आदि यस नगरमा रहेका मुख्य व्यवसायहरु हुन्। यो नगर पर्यटकीय तथा व्यापारिक दृष्टिकोणबाट विशेष महत्वपूर्ण मानिन्छ। धनुषाधाम नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराई क्षेत्र भएको हुँदा नगरमा ग्रामिण परिवेश भएका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं २३: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पूरुष | महिला | |
| **४५,५८५** | ११,४१० (४६.६० प्रतिशत) | १३,०७७ (५३.४० प्रतिशत ) | २४,४८७ (५३.७२ प्रतिशत ) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

तालिकामा नगरपालिकाको १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा कुल जनसंख्या ४५,५८५ रहेकोमा सक्रिय पुरुषको संख्या ११,४१० (४६.६० प्रतिशत), सक्रिय महिलाको संख्या १३,०७७ (५३.४० प्रतिशत) रहेको देखिन्छ। आर्थिकरुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता खासै देखिदैन । नगरको कुल जनसंख्याको २४,४८७ ( ५३.७२ प्रतिशत ) जनसंख्या आर्थिकरुपले सक्रिय छन्भनेआर्थिक रुपमा निस्कृय जनसंख्या ४६.२८ प्रतिशत देखिन्छन्। जसको विस्तृत विवरण माथि तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं २४: आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित वृद्धवृद्धाहरु (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १७,५५८ | ८२.२२ | ३५४० | १६.७८ | २१,०९८ | ४६.२८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १७,५५८ ( ८२.२२ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ३,५४० (१६.७८ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या २१,०९८(४६.२८ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र

पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्थरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

तुलनात्मक रुपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको वैज्ञानिक प्रयोगको योजना नहुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले युवा वर्ग यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुन्।



नगरको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । नगरमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।

### (क) हिउँदे बाली

नगरमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा उखु, मसुरो, चना, अरहर, मास, गहन, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, आलु, मसला बाली रहेका छन् ।

### (ख) वर्षे बाली

नगरका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहत, आलु, आँप, अम्बा, कटहर, आरु नास्पाती कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन्।

## ५.४.१ कृषक समूहको विवरण

कृषि समूहले कृषि उत्पादन तथा कृषकहरुलाई व्यवस्थित ढङ्गबाट अगाडी बढ्न महत्वपुर्ण भूमिका निर्वाह गर्दछ। समुहमा संगठित कृषि समुहबाट कृषकहरुलाई कृषि तालिम, सीप विकास अभिवृद्धि गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको हुन्छ । जसले कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहन गर्दछ । यस धनुषाधाम नगरपालिकामा सञ्चालित कृषक सुहहरुको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं २५: सेवा केन्द्र अनुसार कृषक समूहको विवरण

| सेवा केन्द्रको नाम | पुरुष कृषक समुह | | महिला कृषक समुह | | मिश्रित कृषक समुह | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समुह संख्या | सदस्य संख्या | समुह संख्या | सदस्य संख्या | समुह संख्या | पुरुष संख्या | महिला संख्या | समुह संख्या | पुरुष संख्या | महिला संख्या |
| धनुषाधाम | ४० | ५४८ | १२ | १६१ | १०५ | १३३२ | ७७० | १५७ | १८८० | ९३१ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, धनुषा २०७४*

यस नगर नगरपालिका हुनुभन्दा अगाडी आ.व. २०७१/०७२ मा १५७ वटा कृषक सहूहरु मध्ये महिला कृषक समूहहरु १२ र पुरुष कृषक समूहरुको संख्या ४० रहेका छन्। लैंगिक हिसाबले पुरुष कृषक समूहको संख्या २८ ले बढी देखिन्छ भने नगरमा मिश्रित कृषक समूहहरुको संख्या १०५ रहेका छन्। यी कृषक समुहरुमा २३ वटा सकृय समुहका रुपमा रहेका छन् भने १२ वटा सहकारी संस्थामा परिणत भईसकेका छन् जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं २६: नगरपालिकामा रहेका सकृय कृषक समुहको विवरण

| सेवा केन्द्रको नाम | पुरुष कृषक समुह | | महिला कृषक समुह | | मिश्रित कृषक समुह | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समुह संख्या | सदस्य संख्या | समुह संख्या | सदस्य संख्या | समुह संख्या | पुरुष संख्या | महिला संख्या | समुह संख्या | पुरुष संख्या | महिला संख्या |
| धनुषाधाम | २३ | ३९१ | १३ | २११ | ६१ | ८६० | ४५५ | ९७ | १२५१ | ६५६ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, धनुषा २०७४*

तालिका नं २७: सहकारी संस्थामा परिणत भएका कृषक समुहको विवरण

| सेवा केन्द्रको नाम | पुरुष कृषक समुह | | महिला कृषक समुह | | मिश्रित कृषक समुह | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समूह संख्या | सदस्य संख्या | समूह संख्या | सदस्य संख्या | समूह संख्या | पुरुष संख्या | महिला संख्या | समूह संख्या | पुरुष संख्या | महिला संख्या |
| धनुषाधाम | ० | ० | ३ | ११९ | ९ | ६६० | ४९० | १२ | ६६० | ६०९ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, धनुषा २०७४*

तालिका नं २८: कृषक समुहको हितकोष रकम विवरण

| सेवा केन्द्रको नाम | हितकोष रकम रु. | | | कुल हितकोष रकम रु. |
|---|---|---|---|---|
| | पुरुष समुह | महिला समुह | मिश्रित समुह | |
| धनुषाधाम | १९४५१२ | २५१४१८ | ५७१५०७ | १०१७४३७ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, धनुषा २०७४*

नगरपालिकामा यही आर्थिक वर्षसम्ममा यी समूहहरुको हितकोष रकम १० लाख १७ हजार ४ सय ३७ संकलन गरी केही रकम कृषि प्रयोजनको लागि प्रयोग गरिएको छ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ५.४.२ कृषी बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं २९: विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

## ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रविधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन धनुषाधाम नगरपालिकामा यज्ञभुमी, धनुषाधाम, उमाप्रेमपुर, गोविन्दपुर र भुतहीपटेर्वा साविकका गा.वि.स.हरु मा सेवा पुऱ्याउने कृषि सेवा केन्द्र धनुषाधाम रहेको छ।

## ५.४.४ बाली पात्रो

तालिका नं ३०: बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७१/०७२*

### ५.४.५ कृषि पकेट क्षेत्रको बिबरण

धनुषाधाम नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरमा विभिन्न क्षेत्रलाई कषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, माछा पालन, जस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ। नगरपालिकामा रहेका पकेट क्षेत्रको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३१: कृषि पकेट क्षेत्रको विवरण

| क्र. सं. | व्यवसायिक पकेट क्षेत्र | पकेट क्षेत्र |
|---|---|---|
| १ | धान गहुँ | धनुषा गोविन्दपुर |
| २ | तरबुजा खेती | यज्ञभुमी, भुतही पटेर्वा, धनुषा गोविन्दपुर |
| ३ | विउ विजन | धनुषा गोविन्दपुर |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, धनुषामा*

### ५.४.६ जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ । विगतमा धनुषाधाम नगरपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ । नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.४.७ एग्रोभेट सम्बन्धि विवरण

नगरभरी पशुपंक्षी पालनमा थपिएको व्यवसायिकतासँगै भेटेरिनरी औषधीको व्यवसायमा पनि सुधार हुँदै गएको पाइन्छ । धनुषाधाम नगरपालिकामा ८ वटा भेटनरी पसलहरु रहेका छन् । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३२: एग्रोभेट सम्बन्धि विवरण

| क्र.सं. | औषधी पसलको नाम | साविकका गा.वि.स./न.पा. | मासिक औषधी विक्रि रु. |
|---|---|---|---|
| १ | श्री जिवछ मण्डल | भुतही पटेर्वा १ | २५० |
| २ | श्री रामदेव महतो | यज्ञभुमी धारापानी | ७०० |
| ३ | श्री विजय प्रसाद गुप्ता | यज्ञभुमी ६ | ८०० |
| ४ | श्री रामपृत महतो | धनुषाधाम १ | ७०० |
| ५ | श्री धनेश्वर मण्डल | गोविन्दपुर १ | ४५० |
| ६ | श्री हिरालाल कर्ण | धनुषाधाम १ | २५० |
| ७ | श्री अमोद शाह | गोविन्दपुर ६ | ३०० |
| ८ | श्री लक्ष्मी भेट फार्मा | गोविन्दपुर ६ | |
| जम्मा | | | ३४५० |

*स्रोत : जिल्ला पशु सेवा कार्यालय, धनुषा २०७२/०७३*

## ५.४.८ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं ३३: कृषि सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | सदस्य सख्या | | | सञ्चालक संख्या | | | शेयर रकम | बचत रकम | ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | जन जनजी बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-९ | ३२ | १८ | ५० | | | | ५००० | ० | ० |
| २ | मिलन कृषि सहकारी संस्था लि. | यज्ञभुमि-५ | ८ | १७ | २५ | ३ | ४ | ७ | २५०० | ० | ० |
| ३ | जानकी कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर | १२ | १६ | २८ | | | | २५०० | ० | ० |
| ४ | मा सानोसाति कृषि सहकारी संस्था लि. | यज्ञभुमि -६ | ९ | १६ | २५ | | | | २५०० | ० | ० |
| ५ | धनुप कृषि सहकारी संस्था लि. | धनुषाधाम-८ | १२० | १२५ | २४५ | | | | २८५००० | २६०००० | २५०००० |
| ६ | कर्मा कृषि सहकारी संस्था लि. | गोविन्दपुर -१ | ३ | २२ | २५ | | | | २५०० | ० | ० |
| ७ | व्यवसायिक कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ७ | २० | २७ | १ | ६ | ७ | २७५०० | १५००० | ० |
| ८ | राहुल कृषि सहकारी संस्था लि. | यज्ञभुमि-१ | ८ | १७ | २५ | | | | २५०० | ० | ० |
| ९ | संगम कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | १५ | १० | २५ | २ | ५ | ७ | २५०० | ० | ० |
| १० | मधेस किसान कृषि सहकारी संस्था लि. | भुतही पटेर्वा -१ | ७ | १८ | २५ | १ | ६ | ७ | २५०० | ० | ० |
| ११ | जय किसान कृषि सहकारी संस्था लि. | धनुषाधाम-९ | १३ | १४ | २७ | | | | २७०० | ० | ० |
| १२ | यज्ञभुमि कृषि सहकारी संस्था लि. | यज्ञभुमि -१ | ५ | २३ | २८ | | | | २८००० | ० | ० |
| १३ | आनन्द कृषि सहकारी संस्था लि. | भुतही पटेर्वा -६ | १८ | ७ | २५ | ३ | ४ | ७ | २५५०० | ० | ० |
| १४ | पवर्ता कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -८ | ० | २५ | २५ | | | | २५०० | ० | ० |
| १५ | सफल कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -४ | ६ | १९ | २५ | | | | २५०० | ० | ० |
| १६ | हरिपुर साना किसान कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ७ | २० | २७ | | | | ३५००० | ० | ० |
| १७ | मुसर्निया देवि कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -८ | ० | २५ | २५ | | | | २५०० | ० | ० |
| १८ | शान्ति कृषि सहकारी संस्था लि. | यज्ञभुमि -९ | १७ | ८ | २५ | | | | २५०० | ० | ० |
| १९ | हरियाली दिदिबहिनी कृषि सहकारी संस्था लि. | यज्ञभुमि -८ | ५१ | ० | ५१ | ७ | ० | ७ | २५०० | ३५००० | ६८२००० |
| २० | सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि -८ | २६ | ० | २६ | | | | २७०० | ० | ० |
| २१ | देवदाप कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -९ | ५ | २० | २५ | | | | २५०० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | प्रतिभा कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ५ | २० | २५ | | | | २५०० | ० | ० |
| २३ | एकीकृत किसान कृषि सहकारी संस्था लि. | गोविन्दपुर -४ | २ | २३ | २५ | | | | २५०० | ० | ० |
| २४ | सक्षम कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -२ | २ | २३ | २५ | | | | १०००० | ० | ० |
| २५ | शुभ लक्ष्मी कृषि सहकारी संस्था लि. | धनुषाधाम-८ | ७ | १९ | २६ | | | | २६००० | ० | ० |
| २६ | आमा बावुवा कृषि सहकारी संस्था लि. | धनुषाधाम -९ | ११ | १५ | २६ | | | | १३००० | ० | ० |
| २७ | बौद्धिमाई सामुदायिक कृषि सहकारी संस्था लि. | धनुषाधाम-५ | २१ | ४ | २५ | | | | २७५०० | ० | ० |
| जम्मा | | | ४१७ | ५४४ | ९६१ | १७ | २५ | ४२ | ५२५४०० | ३१०००० | ९३२००० |

*स्रोत : डिभिजन सहकारी संस्था कार्यालय,धनुषा २०७३/०७४*

## ५.५ सिंचाइ

नगरमा सतह एवं भूमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

### क) भूमिगत सिचाई

नगरमा भूमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।धनुषाधाम नगरपालिकामा सहकारी खेति स्किम बाट सञ्चालित साना सिंचाई योजना विवरण तल उल्लेख गरिएको छ।

**तालिका नं ३४: सहकारी खेति स्किम बाट सञ्चालित साना सिंचाई योजनाको विवरण**

| समुहको नाम ठेगाना | आयोजनाको नाम | आयोजनाको किसिम | लागत ईष्टिमेट रु. (हजारमा) | जम्मा खर्चको विवरण | | | लाभान्वित परिवार संख्या | जनसहभागीता | | | सिंचित क्षेत्रफल (हे.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यालय बाट | समुहबाट | जम्मा | | दलित | जनजाति | अन्य | जम्मा | पुरानो | नयाँ | जम्मा |
| ताजा तरकारी उत्पादन कृ.स.धनुषा गोविन्दपुर | ढिकी पम्प | भुमिगत | ८७७०० | ७०००० | १७७०० | ८७७०० | १७ | १४ | ११ | ५६ | ८१ | ० | २.८ | २.८ |
| ताजा तरकारी उत्पादन इनार कृ.स.धनुषाधाम ३ | ईनार मर्मत | भुमिगत | ३६८१८ | ३१२९५ | ५५२३ | ३६८१८ | ५ | ० | १७ | १६ | ३३ | २ | १.५ | ३.५ |
| कंचन जल उपभोक्ता समिति यज्ञभुमि-४ | ईनार | भुमिगत | १६७९८२ | १४०००० | २७९८२ | १६७९८२ | ७ | ० | ७ | २८ | ३५ | ० | २ | २ |
| सहयोगी महिला कृषि स.सं.लि. ध. गोविन्दपुर | ढिकी पम्प | भुमिगत | ९०२८० | ७०००० | २०२८० | ९०२८० | १९ | ४२ | ० | ५३ | ९५ | ० | ४ | ४ |
| जम्मा | | | ३८२७८० | ३११२९५ | ७१४८५ | ३८२७८० | ४८ | ५६ | ३५ | १५३ | २४४ | २ | ६ | ६ |

*स्रोत : जिल्ला कृषि कार्यालय, धनुषा २०७१/०७२*

## ५.६ पशुपालन

धनुषाधाम नगरपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट नगरबासीहरुको जीविकोपार्जनमासुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग,गाइ, भैसी, कुखुरा आदीको व्यापारिक फार्महरु लगायतका कृषिजन्य साना तथा मझौला उद्योगहरु रहेका छन् । त्यस्तै गरि भेटेनरी सेवा पनि नगरमा उपलब्ध रहेको छ । नगरमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ । नगरमा जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा विभाग अन्तर्गतका विभिन्न स्तरका कार्यालयहरु समेत कार्यरत रही आ-आफ्नो क्षेत्रमा सेवा पु¥याई रहेका छन् ।

तालिका नं ३५: पशु सेवा केन्द्रहरु

| क्र.सं. | सेवा केन्द्र र उपकेन्द्र | क्षेत्र नं | ईलाका नं | सेवा केन्द्र/उपकेन्द्रले ढाकिएको गा.वि.स.हरु |
|---|---|---|---|---|
| १ | पशु सेवा केन्द्र धनुषाधाम | ३ | ८ | यज्ञभुमी, धनुषाधाम, उमाप्रेमपुर, गोविन्दपुर, |
| २ | पशु उपसेवा केन्द्र तारापट्टी सिर्सिया | २ | ९ | भुतही पटेर्वा |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

तालिका नं ३६: नगरपालिकामा रहेका पशुपन्छीहरुको विवरण

| पशु सेवा केन्द्र धनुषाधाम | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | साविकका गा.वि.स. | पशुपन्छी तथ्याङ्क विवरण | | | | |
| | | गाई/गोरु | भैंसी | बाखा | सुँगुर | कुखुरा |
| १ | यज्ञभुमि | ५२०० | २०२२ | २११२ | ३१० | २१८५ |
| २ | धनुषाधाम | ४३६५ | २२२५ | २०७० | १३० | १८५० |
| ३ | उमाप्रेमपुर | ४७६१ | २०५८ | २१८५ | १५० | २०४५ |
| ४ | धनुषाधाम गोविन्दपुर | ५९०० | २३१७ | २४०४ | ९५ | १२२० |
| जम्मा | | २०२२६ | ८६२२ | ८७७१ | ६८५ | ७३०० |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

धनुषाधाम नगरपालिकामा पशुपालन पेशा एक मुख्य पेशाको रुममा रहेको छ । नगरपालिकामा गाई/गोरु, भैंसी, बाखा, सुँगुर, कुखुरा जस्ता पशुपन्छी पालेको देखिन्छ । नगरपालिकामा गाई/गोरु संख्या २०,२२६ , भैंसी ८,६२२,बाखा ८,७७१, सुँगुर ६८५ र कुखुरा ७८,३०० रहेका छन् । नगरमा यस पेशालाई अझ व्यवसायिक र व्यवस्थित बनाउँदै अगाडी बढेको खण्डमा नगरपलिकाको आम्दानीको स्रोत बलियो हुने देखिन्छ ।

### ५.६.१ पशु नश्ल

नगरमा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका

भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिने हुँदा सबै न्यून उत्पादक जनावरहरुलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु उपयुक्त हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा नगरको पशुपालन क्षेत्रले प्रगति गर्दै गएको छ । जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भईरहेको देखिन्छ ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन् । नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.६.३ पशुपंक्षी फार्महरुको विवरण

तालिका नं ३७: नगरपालिकामा रहेका पशुपंक्षी फार्महरुको विवरण

| क्र.सं. | फार्मको नाम | ठेगाना | किसिम | बार्षिक क्षमता |
|---|---|---|---|---|
| १ | श्री सिंह कुखुरा फार्म | गोविन्दपुर ६ | ब्रोईलर | १५०० |
| २ | श्री पुजा पोल्ट्री फार्म | धनुषाधाम ३ | | |
| ३ | श्री भिमान पोल्ट्री कुखुरा फार्म | धनुषाधाम ९ | | |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

### ५.६.४ गाई/भैंसी फार्महरुको विवरण

नगरभित्र डेरी फार्म तर्फ आएको व्यवसायिकता कृषकहरुको विगतका तिन वर्षदेखिको प्रयासको प्रतिफल हो। धेरै जसो कृषकहरु गाई पालन फार्म संचालन गरेको पाईन्छ भने कतिपय कृषकहरु व्यवसायिक भैंसी पालन तर्फ आकर्षित भएका छन्। केही कृषकहरु भने दुधमा फ्याटको मात्रा बढ्न गई राम्रो मुल्य पाइने सोचले गर्दा एउटै फार्म भित्र गाई र भैंसी दुवै थरी जनावर पालन गरेको पाईन्छ।

यस नगरपाकिलामा डेरी तर्फ हाल धेरै ठूला लगानीका फार्महरु छैनन्। त्यसै गरी फार्महरुको यान्त्रिकिकरण तर्फ पनि प्रगति अति नै न्यून रहेको पाईन्छ। त्यस कारण, समग्रमा भन्नु पर्दा नगरमा दुग्ध तर्फ परिमाणात्मक विकास हालसम्म हुन सकेको छैन भने नगरमा बस्ने किसानहरु व्यवसायीक भन्दा पनि आफ्नो परिवारलाई आवश्यक पर्ने दुग्ध जन्य पदार्थ आफै उत्पादन गर्ने गरेको पाइन्छ।

तालिका नं ३८: नगरपालिकामा रहेका गाई/भैंसी फार्महरुको विवरण

| क्र.सं. | फार्मको नाम | ठेगाना | किसिम |
|---|---|---|---|
| १ | श्री जय हनुमान गाई फार्म | उमाप्रेमपुर | गाई |
| २ | श्री जय बजरंग गाई फार्म | उमाप्रेमपुर ५ | गाई |
| ३ | श्री जय बजरंग पशुविकास फार्म | यज्ञभुमी ८ | गाई |
| ४ | श्री घिसिङ्ग गाई फार्म | यज्ञभुमी ९ | गाई |
| ५ | श्री धनुषा बाबा गाई फार्म | गोविन्दपुर ६ | गाई |
| ६ | श्री राम गाई फार्म | धनुषाधाम २ | गाई |
| ७ | श्री गाई भैंसी पालन तथा दुध उत्पादन फार्म | धनुषाधाम १ | गाई |
| ८ | श्री राजदेवि भैंसी फार्म | उमाप्रेमपुर ५ | भैंसी |
| ९ | श्री लक्ष्मी भैंसी फार्म | धनुषाधाम ५ | भैंसी |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

### ५.६.५ पशुपालन समुह

तालिका नं ३९: नगरपालिकामा रहेका पशुपालन समूहहरुको विवरण

| क्र.सं. | समुहको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जानकी पशुपालन समूह | धनुषाधाम ३ |
| २ | श्री हिमचुली उन्नत पशुपन्छी पालन समूह | धनुषाधाम ६ |
| ३ | श्री नागरिक सचेतना केन्द्र | धनुषाधाम ७ |
| ४ | श्री यज्ञभुमि नागरिक सचेतना समूह | धनुषाधाम ९ |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

### ५.६.६ माछापालन सम्वन्धी विवरण

तालिका नं ४०: कृषि सेवा केन्द्र /सम्पर्क केन्द्र अनुसार मत्स्य प्रोफाईल विवरण

| क्र.सं. | कृषि सेवा केन्द्र /सम्पर्क केन्द्र/गा.वि.स. | मत्स्य कृषक संख्या | जलाशय | |
|---|---|---|---|---|
| | | | पोखरी संख्या | क्षेत्रफल (हे.) मा |
| कृषि सेवा केन्द्र, धनुषाधाम | | | | |
| १ | यज्ञभुमी | १० | ९ | ७.७ |
| २ | धनुषाधाम | २० | २१ | ७ |
| ३ | धनुषा गोविन्दपुर | १४ | ९ | ९.६ |
| ४ | उमाप्रेमपुर | १७ | ९ | ९ |
| ५ | भुतही पटेर्वा | ८ | १० | ५.८ |
| जम्मा | | ६९ | ५८ | ३९.१ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय धनुषा, २०७१/०७२*

जिल्ला कृषि विकास कार्यालय २०७१/०७२ को तथ्यांक अनुसार धनुषाधाम नगरपालिकाकृषि सेवा केन्द्र धनुषाधाम अन्तरर्गत ६९ जना कृषकहरु माछापालनमा संलग्न रहेका छन्। नगरमा ५८ वटा पोखरीहरु रहेका छन् भने नगरपालिकाको ३९.१ हेक्टर क्षेत्रमा मत्स्यपालन गरेको देखिन्छ।

नगरपालिकामा भएको माछा उत्पादनलाई जिल्लाका स्थानीय बजारको साथै जिल्ला बाहिरका मुख्य बजार हरु काठमाण्डौ, धरान, काकडभिट्टा र भारतका विभिन्न ठाउँमा निर्यात हुने गरेको देखिन्छ। यसैगरी नगरका धेरै ठाउँहरुमा प्राकृतिक पोखरी भएको र थप केही अन्य संभावित ठाउँहरुमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारका अवसरहरु बढ्ने र खासगरी भारतबाट आयात गरिएका माछाहरुमापरनिर्भरतामा कमी भै स्वदेश कै माछाले बजार लिने सम्भावना देखिन्छ।

### ५.६.७ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ। नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तुहरुको बजारीकरणका विभिन्न खालका ढाँचाहरु अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ। नगरमा विभिन्न हाटबजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

### ५.६.८ नगरपालिकामा दुग्ध बजारीकरण

धनुषाधाम नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा बजार, शहरमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ र स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटर बाट गर्ने गरिन्छ र जति बढी दुधको मात्रा उति बढी मुल्य हुने गरेको पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। नगरका केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरुको स्थापना भई जिल्लाका ग्रामीण दुधको केही भागले बजार सञ्जाल पाउन सफल भएको छ। दुग्ध पदार्थको माग दिनप्रतिदिन बढी रहेको पाइन्छ।

धनुषाधाम नगरपालिकामा पशुपालन एक प्रमुख र पुर्ण व्यवसायिक पेशाको रुपमा विकास भएको छैन । केहि कृषकले आफ्नो आवश्यकता परिपुर्तिका लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण पुर्णरुपमा भने फस्टाएको देखिँदैन, उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। नगरपालिका विकासको लागि पशुपालन व्यवसायमा संभावना रहेकाले नगरपालिकामा रहेको संभाव्यतालाई वास्तविकतामा बदल्न कदम चाल्नु पर्ने देखिन्छ। धनुषाधाम नगरपालिकामा २ वटा  दुध डेरी रहेको छ। यी डेरीहरुमा दैनिक २०० लि. संकलन क्षमता रहेको छ। जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ४१:** नगरपालिकामा भएका डेरीहरुको विवरण

| क्र.सं. | डेरीको नाम | दैनिक क्षमता | उत्पादन विवरण |
|---|---|---|---|
| १ | रानी डेरी, धनुषाधाम | २०० लि. | २०० देखि २५० लि. प्रति दिन |
| २ | धनुषा बाबा डेरी, धनुषाधाम | २०० लि. | १५० देखि २५० लि. प्रति दिन |

*स्रोत : जिल्ला पशु विकास कार्यालय धनुषा २०७२/०७३*

### ५.६.९ मासु बजारीकरण

धनुषाधाम नगरपालिकाले कुखुरा पालनमा जस्तै विगतका केही वर्षरुदेखि सुँगुर पालन तथा बाख्रा पालन व्यवसायमा समेत सुधार गरेको छ । यति हुँदा हुँदै पनि मासु उत्पादन तर्फ व्यवसायिकताको खाँचो रहेको छ। नगरपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु छन्। जस्तै आधारभूत भौतिक पूर्वाधारहरुको कमी र पशुपंक्षी पालन व्यवसायिक नहुनु हो। नगरपालिकामा बाख्रा पालन व्यवसाय राम्रो रहेको देखिन्छ। नगरपालिकामा ८,७७१ को संख्यामा बाख्राहरु रहेका छन्। यसले मासुको आपुर्तिलाई केही सहयोग पऱ्याएको छ। मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, शहरी जनसंख्याको वृद्धि, नगरमा संचालित परियोजनाहरुले गर्दा मासुको माग दिन प्रतिदिन बढेको छ। यस नगरपालिकामा भएका मासु बिक्रेता पसलहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

नरपालिकामा भएको मासुको माग आपुर्ति गर्न नगरमा ३ वटा मासुपसलहरु रहेका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ४२: नगरपालिकामा रहेका मासु पसलहरुको विवरण

| क्र.सं. | मासु पसलको नाम | ठेगाना साविकका गा.वि.स./न.पा. | मासु बध गर्ने पशुपन्छीको किसिम | खपत संख्या | मासु विक्रि परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री भोला कामी | यज्ञभुमि ४ | खसी/कुखुरा | ८० | २०० | प्रतिबजार |
| २ | श्री ईस्लाम सेख धनुषा | गोविन्दपुर | खसी/कुखुरा | ९६ | २४० | प्रतिबजार |
| ३ | श्री कुशलमान साकी | यज्ञभुमि ८ | राँगो/भैंसी | ५ | ८०० | हप्तामा ४ दिन |
| जम्मा | | | | १८१ | १२४० | |

*स्रोत : जिल्ला पशु कार्यालय धनुषा २०७२/०७३*

## ५.७ पर्यटन

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये धनुषाधाम नगरपालिकाको पनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ। धनुषाधाम नगरमा स्वदेशी तथा विदेशी विशेष गरी भारतीय पर्यटकहरुको आकर्षण रहेको पाइन्छ। मिथिलाको पवित्र भूमी धनुषाधाम नगर क्षेत्र भित्र धनुषाधाम बजारमा रहेको धनुष मन्दिर, धनुषा जंगलमा अवस्थीत वनस्पति उद्यान र धारापानीमा नवनिर्मीत सम्पुर्ण सुख विहार बौद्ध गुम्बा पर्यटकिय हिसाबले प्रमुख आर्कषणको केन्द्रविन्दुमा छन्।

## ५.८ उद्योग

उद्योग विकासको मेरुदण्ड हो। नगरपालिकामा ठुला व्यापारिक केन्द्र हरु विकसित हुन सकेका छैनन्। नगरपालिकामा ठुला उद्योगहरु नभएतापनि कृषि आधारित साना खालका उद्योगहरु सञ्चालनमा रहेको देखिन्छ। नगरपालिकामा कृषिमा आधारित घरेलु उत्पादन पनि विस्तारै व्यवसायिक उत्पादन हुन थालेको छ।

धनुषाधाम नगरपालिका उद्योगको संभावित क्षेत्रको रुपमा कृषि उर्वता र पर्याप्त खेतियोग्य जमिन हो। कुनै पनि ठाउँको विकास गर्नको लागि उद्योगले मुख्य भूमिका खेलेको हुन्छ । नगरपालिकामा फर्निचर, ग्रिल, सिलाई कटाई, कुटानी पिसानी आदि जस्ता साना उद्योग व्यवसायहरु रहेका छन्। नगरपालिकामा उपलब्ध कृषि कच्चा पदार्थको संभावना भएकोले त्यसमा लगानी गरी साना तथा मझौला उद्योगहरुको विकास तथा संभावित पर्यटकीय क्षेत्रको व्यवस्थापन गर्न सकेको खण्डमा अर्थतन्त्रमा विकास हुने देखिन्छ। धनुषाधाममा नगरपालिका क्षेत्र भित्र अवस्थीत विभिन्न उद्योगहरु :

क) गामा फुड्स नेपाल प्रा.लि.

ख) हरिहरपुर बेत, बाँस तथा नाङ्लो उद्योग

ग) मुर्गिया टपरि उद्योग

## ५.९ बैंकको विवरण

नगरपालिकामा उद्योग व्यापारमा लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ। यसबाहेक नगरमा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन्। नगरपालिकामा संचालित ५ बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ४३: बैंकहरुको विवरण

| क्र.सं. | बैंक तथा वित्तिय संस्थाको नाम |
|---|---|
| १ | ग्रामीण विकास बैंक लि. |
| २ | स्वावलम्बन विकास बैंक |
| ३ | निर्धन उत्थान विकास बैंक |
| ४ | माईक्रो फाईनान्स बैंक लि. |
| ५ | साना किसान विकास आयोजना |

*स्रोत : धनुषाधाम नगर कार्यपालिकाको कार्यालय धनुषा,२०७४*

## ५.१० सहकारी संस्थाको विवरण

नगरको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगर बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । धनुषाधाम नगरपालिकामा रहेका सहकारी संस्थाको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ४४: सहकारी संस्थाको विवरण

| क्र.सं. | सहकारीको किसिम | संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १६ |
| २ | बहुउद्देश्य | ४ |
| ३ | कृषि | २७ |
| ४ | पशुपालन | २ |
| ५ | उखु उत्पादक | २ |
| ६ | पर्यटन | १ |
| ७ | दुग्ध उत्पादक | १ |
| ८ | साना किसान | २ |
| ९ | उपभोक्ता | २ |
| जम्मा | | ५७ |

*स्रोत : डिभिजन सहकारी कार्यालय धनुषा २०७३/०७४*

नगरमा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, कृषि, उपभोक्ता, दुग्ध, पशुपालन, उखु उत्पादक, पर्यटन, साना किसान आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै यी सहकारीहरुले नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था २९, बहुउद्देश्यीय १४, कृषि ३६, उपभोक्ता १, विद्युत ८, दुग्घ २ र अन्य १ गरी जम्मा ९१ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । सहकारी संस्थाहरुको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

### तालिका नं ४५: सहकारी संस्थाको नामावली

| क्र. सं. | सहकारी संस्थाको नाम | ठेगाना | सदस्य सख्या | | | सञ्चालक संख्या | | | शेयर रकम | बचत रकम | ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-९ | ३१ | ९४ | १२५ | ७ | ० | ७ | १३७८६०० | १८०३७९१३ | स्पष्ट नभएको |
| २ | धनुप बाबा बचत तथा ऋण सहकारी संस्था लि. | धनुषाधाम | ९७ | २१९ | ३१६ | | | | ५०००००० | ५२२६६००० | |
| ३ | सरस्वती म.बचत तथा ऋण सहकारी संस्था लि. | धनुषाधाम -९ | ४७ | | ४७ | | | | ४७०० | २७१९०० | ३०२६१० |
| ४ | महिला समाज बचत तथा ऋण सहकारी संस्था लि. | उमाप्रेमपुर -२ | ९१ | | ९१ | | | | २६९०० | ४०७६०० | ५७१२०० |
| ५ | चेतना बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-१ | ३५० | १९७ | ५४७ | | | | ६७७३०० | १३८५६०० | स्पष्ट नभएको |
| ६ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-९ | ३२ | ४७७९ | | | | | १९२००० | ३८१६०० | ४१३४०० |
| ७ | राधा भइया बचत तथा ऋण सहकारी संस्था लि. | भुतही पटेर्वा | ६१ | ४६ | १०७ | | | | ११२०० | २७९४०० | ३७६९०० |
| ८ | जनजाति बचत तथा ऋण सहकारी संस्था लि. | उमाप्रेमपुर -४ | १ | ३० | ३१ | | | | ३१०० | २११०० | २४९०० |
| ९ | मा गायत्री बचत तथा ऋण सहकारी संस्था लि. | गोविन्दपुर -४ | १२ | १३ | २५ | | | | १६१३०० | १३७६५६७ | स्पष्ट नभएको |
| १० | मा चम्वावती बचत तथा ऋण सहकारी संस्था लि. | भुतही पटेर्वा -५ | २५ | ० | २५ | | | | २५०० | ० | ० |
| ११ | महारानी बचत तथा ऋण सहकारी संस्था लि. | भुतही पटेर्वा | ७१ | ० | ७१ | | | | ७१०० | १७९४१७ | १८४६०० |
| १२ | धनुप बचत तथा ऋण सहकारी संस्था लि. | गोविन्दपुर -१ | २५ | ० | २५ | | | | ५००० | ० | ० |
| १३ | महिला सुधार बचत तथा ऋण सहकारी संस्था लि. | धनुषाधाम -५ | २५ | ० | २५ | | | | २५०० | ० | ० |
| १४ | अनुकुल बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-८ | १३ | १६ | २९ | | | | १२४७०० | | |
| १५ | भाग्य लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | धनुषाधाम -१ | ३५ | ७५ | ११० | १ | ६ | ७ | २६७७०० | २२१३२०८ | ३३३३३३ |
| १६ | तरगं बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-१ | ९ | १६ | २५ | | | | २५०० | ० | ० |
| १७ | जन जनजी बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि-९ | ३२ | १८ | ५० | | | | ५००० | ० | ० |
| १८ | मिलन कृषि सहकारी संस्था लि. | यज्ञभुमि-५ | ८ | १७ | २५ | ३ | ४ | ७ | २५०० | ० | ० |
| १९ | जानकी कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर | १२ | १६ | २८ | | | | २५०० | ० | ० |
| २० | मा सानोसाति कृषि सहकारी संस्था लि. | यज्ञभुमि -६ | ९ | १६ | २५ | | | | २५०० | ० | ० |
| २१ | धनुप कृषि सहकारी संस्था लि. | धनुषाधाम-८ | १२० | १२५ | २४५ | | | | २८५००० | २६०००० | २५०००० |
| २२ | कर्मा कृषि सहकारी संस्था लि. | गोविन्दपुर -१ | ३ | २२ | २५ | | | | २५०० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | व्यवसायिक कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ७ | २० | २७ | १ | ६ | ७ | २७५०० | १५००० | ० |
| २४ | राहुल कृषि सहकारी संस्था लि. | यज्ञभुमि-१ | ८ | १७ | २५ | | | | २५०० | ० | ० |
| २५ | संगम कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | १५ | १० | २५ | २ | ५ | ७ | २५०० | ० | ० |
| २६ | मधेस किसान कृषि सहकारी संस्था लि. | भुतही पटेर्वा -१ | ७ | १८ | २५ | १ | ६ | ७ | २५०० | ० | ० |
| २७ | जय किसान कृषि सहकारी संस्था लि. | धनुषाधाम-९ | १३ | १४ | २७ | | | | २७०० | ० | ० |
| २८ | यज्ञभुमि कृषि सहकारी संस्था लि. | यज्ञभुमि -१ | ५ | २३ | २८ | | | | २८००० | ० | ० |
| २९ | आनन्द कृषि सहकारी संस्था लि. | भुतही पटेर्वा -६ | १८ | ७ | २५ | ३ | ४ | ७ | २५५०० | ० | ० |
| ३० | पवर्ता कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -८ | ० | २५ | २५ | | | | २५०० | ० | ० |
| ३१ | सफल कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -४ | ६ | १९ | २५ | | | | २५०० | ० | ० |
| ३२ | हरिपुर साना किसान कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ७ | २० | २७ | | | | ३५००० | ० | ० |
| ३३ | मुसर्निया देवि कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -८ | ० | २५ | २५ | | | | २५०० | ० | ० |
| ३४ | शान्ति कृषि सहकारी संस्था लि. | यज्ञभुमि -९ | १७ | ८ | २५ | | | | २५०० | ० | ० |
| ३५ | हरियाली दिदिबहिनी कृषि सहकारी संस्था लि. | यज्ञभुमि -८ | ५१ | ० | ५१ | ७ | ० | ७ | २५०० | ३५००० | ६८२००० |
| ३६ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था लि. | यज्ञभुमि -८ | २६ | ० | २६ | | | | २७०० | ० | ० |
| ३७ | देवदाप कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -९ | ५ | २० | २५ | | | | २५०० | ० | ० |
| ३८ | प्रतिभा कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -५ | ५ | २० | २५ | | | | २५०० | ० | ० |
| ३९ | एकीकृत किसान कृषि सहकारी संस्था लि. | गोविन्दपुर -४ | २ | २३ | २५ | | | | २५०० | ० | ० |
| ४० | सक्षम कृषि सहकारी संस्था लि. | उमाप्रेमपुर -२ | २ | २३ | २५ | | | | १०००० | ० | ० |
| ४१ | शुभ लक्ष्मी कृषि सहकारी संस्था लि. | धनुषाधाम-८ | ७ | १९ | २६ | | | | २६००० | ० | ० |
| ४२ | आमा बावुवा कृषि सहकारी संस्था लि. | धनुषाधाम -९ | ११ | १५ | २६ | | | | १३००० | ० | ० |
| ४३ | बौद्धिमाई सामुदायिक कृषि सहकारी संस्था लि. | धनुषाधाम-५ | २१ | ४ | २५ | | | | २७५०० | ० | ० |
| ४४ | धन लक्ष्मी बहुद्देश्य सहकारी संस्था लि | उमाप्रेमपुर | १७० | ० | १७० | | | | २५१००० | १५२०००० | Blank number |
| ४५ | सहयोगी महिला बहुद्देश्य सहकारी संस्था लि. | गोविन्दपुर -६ | १०४ | ० | १०४ | | | | १५१०० | ५७६७०० | ७९४००० |
| ४६ | पशुराम महिला कृषि सहकारी संस्था लि. | भतही पटेर्वा | ५० | ० | ५० | | | | ५००० | ० | ० |
| ४७ | गंगा महिला कृषि सहकारी संस्था लि. | यज्ञभुमि -१ | २५ | ० | २५ | | | | २५०० | ० | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | सामुदायिक उपभोक्ता सहकारी संस्था लि. | यज्ञभुमि -९ | १९ | ३१ | ५० | | | | ८४००० | ० | ० |
| ४९ | भगवान किसान उपभोक्ता सहकारी संस्था लि. | यज्ञभुमि -५ | १० | १५ | २५ | | | | २५०० | ० | ० |
| ५० | साना किसान सहकारी संस्था लि. | गोविन्दपुर -१ | १११९ | २११ | १३३० | ५ | ६ | ११ | २७६२२५०० | ३७६०९५५७ | Blank number |
| ५१ | साना किसान सहकारी संस्था लि. | धनुषाधाम -१ | २०२ | ३०५ | ५०७ | | | | १२५७७०० | ० | ० |
| ५२ | पञ्चमुखी दुग्ध उत्पादक स.सं. लि. | यज्ञभुमि -६ | १२ | १३ | २५ | | | | २५०० | ० | ० |
| ५३ | जनहित उखु उत्पादक सहकारी संस्था लि. | उमाप्रेमपुर | ७ | १८ | २५ | | | | २५०० | ० | ० |
| ५४ | प्रगातिशील उखु उत्पादक सहकारी संस्था लि. | उमाप्रेमपुर | ७ | १८ | २५ | | | | २५०० | ० | ० |
| ५५ | राजदेवि महिला पशुपालन सहकारी सं.लि. | उमाप्रेमपुर -५ | ४७ | ० | ४७ | | | | १४७००० | ० | ० |
| ५६ | जागृति पशुपालन सहकारी सं.लि. | यज्ञभुमि -९ | २५ | ० | २५ | | | | २५०० | ० | ० |
| ५७ | धनुप पर्यटन सहकारी संस्था लि. | धनुषाधाम -१ | २ | २३ | २५ | | | | ५००० | | |
| | | | ३१४१ | ६६६३ | ४९९३ | ३० | ३७ | ६७ | ३७७९४८०० | ११६८३६५६२ | ३९३२९४३ |


*स्रोत : डिभिजन सहकारी कार्यालय धनुषा २०७३/०७४*

## ५.११ संघ संस्था तथा विभिन्न समुहहरु

यस नगरमा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु नागरिक समाज, युवा क्लव, राजनितीक दल क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा १२: धनुषाधाम नगरपालिकामा रहेको सडक सञ्जाल

### ६.१.१ यातायात सेवा

धनुषाधाम नगरपालिका विभिन्न प्रमुख राजमार्गसँग जोडिएको छ। यस नगरपालिका विभिन्न सडक बाह्रै महिना चल्ने सडक सञ्जालको रुपमा विस्तार भएका छन्। यस नगरबाट देशका सबै मुख्य शहरी क्षेत्रहरुसम्म जोड्ने सडक सञ्जाल राम्रो रहेको छ। नगरमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा नगरका सबै वडाहरुमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। नगरका सबै वडाहरुमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको भरपर्दो सुविधाले नगरबासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छ। नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरमा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ। यसका अतिरिक्त यस नगरपालिकाबाट देशका विभिन्न भागहरूमा समेत दिवा तथा रात्री बस सञ्चालनमा रहेका छन्।

सडक यातायतको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्याधिकमात्रमा बढ्दै गएको छ।

हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ। धनुषाधाम नगरपालिकामा एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । नगरपालिकामा 3G Network नेपाल टेलिकम र एनसेल दुवैको उपलब्ध छ । नगरमा NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केवल नेटवर्कद्वारा नगरबासीहरुले मनोरन्जनात्मक कार्यक्रमहरु हेर्ने गरेको पाइन्छ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकामा मोबाइल सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने धनुषाधाम देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ। सञ्चार माध्यममा नयाँ प्रविधिको आगमन, सञ्चारका विकसित एवं विस्तारितरुप हरु : (ईमेल, ईन्टरनेट विद्युतीय सञ्चार) विकासले पछिल्लो समयमा हुलाक सेवाको प्रयोग क्रमश घट्दै गईरहेको छ।

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस धनुषाधाम  नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। नगरमा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ६,७८६ (७७.८७ प्रतिशत) रहेको छ। त्यस्तै दोस्रोमा नगरका कुल घरधुरीको १,७५२ (२०.१० प्रतिशत) ले मट्टितेल, ५१ (०.५९ प्रतिशत) ले सोलार र १३ (०.१५ प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरुपमा तुलना गर्दा वडा नं. २,१,६ मा मट्टितेल प्रयोग गर्ने घरधुरी बढी देखिन्छ। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं ४६: बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ६८४ | २२७ | ३ | ३ | ० | ७ |
| २ | ५५७ | २६९ | ० | ७ | ० | १२ |
| ३ | ८२८ | १४७ | ० | २ | ० | २२ |
| ४ | ५५६ | ६५ | ० | ९ | ० | ७ |
| ५ | १०३५ | १५७ | ४ | २ | ० | १४ |
| ६ | ७२९ | २०४ | १ | ८ | ० | २० |
| ७ | ८२३ | १८९ | २ | ५ | ० | ९ |
| ८ | ६६२ | ९२ | १ | ८ | १ | १ |
| ९ | ९१२ | ४०२ | २ | ७ | ६ | १४ |
| जम्मा | ६,७८६ | १,७५२ | १३ | ५१ | ७ | १०६ |
| प्रतिशत | ७७.८७ | २०.१० | ०.१५ | ०.५९ | ०.०८ | १.२२ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*





## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं ४७: खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुँइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७६ | ५ | ० | ६३६ | ० | ० | ० | ७ | ९२४ |
| २ | ६२२ | ११ | ० | २०० | ० | ० | ० | १२ | ८४५ |
| ३ | ८९९ | १ | २७ | ४९ | १ | ० | ० | २२ | ९९९ |
| ४ | ६२७ | ० | २ | ० | १ | ० | ० | ७ | ६३७ |
| ५ | ६८६ | ७ | ११ | ४९४ | ० | ० | ० | १४ | १,२१२ |
| ६ | ९०५ | ९ | १ | २८ | ० | ० | ० | १९ | ९६२ |
| ७ | ५८७ | १० | ५ | ४१५ | २ | ० | ० | ९ | १,०२८ |
| ८ | ७२४ | २ | ७ | २८ | १ | ० | २ | १ | ७६५ |
| ९ | १२६३ | ७ | ५५ | १ | ३ | ० | ० | १४ | १,३४३ |
| जम्मा | ६,५८९ | ५२ | १०८ | १,८५१ | ८ | ० | २ | १०५ | ८,७१५ |
| प्रतिशत | ७५.६१ | ०.६० | १.२४ | २१.२४ | ०.०९ | ०.०० | ०.०२ | १.२० | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

वि.सं २०६८ को जनगणनाअनुसार धनुषाधाम नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,५८९ (७५.६१ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा गुँइठा तथा ठोरहा प्रयोग गर्ने घरधुरी संख्या १,८५१ (२१.२४ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १०८ (१.२४ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने ८ (२.०२ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी सबैभन्दा कम २ (०.०२ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा वडा नं. १ मा सबैभन्दा बढी कुइठा ठोहोराको प्रयोग गरिएको पाइन्छ। जसको विस्तृत विवरण तालिकामा  र तल स्तम्भमा उल्लेख गरिएको छ।




वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराईको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै मानिसहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको प्रयोग गर्नु जरुरी देखिन्छ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमीका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस धनुषाधाम नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन  खोजिएको छ जसबाट छिरेश्वर नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ।

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा धनुषाधाम नगरपालिका कमजोर रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ४८.०० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ५९.०२ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ३७.७१ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २१.३२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। साक्षरताको विस्तृत विवरण तल तालिकामा  र स्तम्भमा उल्लेख गरिएको छ।

तालिका नं ४८: साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ९८९ | ६०६ | ४२ | ३८ | १००६ | १५३३ | ८ | ६ | २,०४५ | २,१८३ | ४,२२८ |
| २ | १०५४ | ६३२ | २१ | २९ | ७९० | १४०४ | ३ | ४ | १,८६८ | २,०६९ | ३,९३७ |
| ३ | १०६६ | ७५५ | ५७ | ८२ | ९६९ | १५२२ | १ | १ | २,०९३ | २,३६० | ४,४५३ |
| ४ | ७६७ | ६०४ | २९ | ५० | ५२५ | १००८ | २ | २ | १,३२३ | १,६६४ | २,९८७ |
| ५ | १६९८ | ९४७ | १०९ | १५२ | १२२५ | १८०१ | ७ | ११ | ३,०३९ | २,९११ | ५,९५० |
| ६ | १४३८ | ९३४ | ५१ | १०७ | ७०३ | ११६४ | ७ | ९ | २,१९९ | २,२१४ | ४,४१३ |
| ७ | १२५६ | ९१२ | ८४ | ८८ | ८५४ | १३६८ | २ | १ | २,१९६ | २,३६९ | ४,५६५ |
| ८ | १२३४ | ९९१ | २२ | ३४ | ४०७ | ७५५ | ० | १ | १,६६३ | १,७८१ | ३,४४४ |
| ९ | १७५८ | १३१४ | ११९ | १०० | ७७२ | १४४१ | ३ | २ | २,६५२ | २,८५७ | ५,५०९ |
| जम्मा | ११,२६० | ७,६९५ | ५३४ | ६८० | ७,२५१ | ११,९९६ | ३३ | ३७ | १९,०७८ | २०,४०८ | ३९,४८६ |
| प्रतिशत | ५९.०२ | ३७.७१ | २.८० | ३.३३ | ३८.०१ | ५८.७८ | ०.१७ | ०.१८ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

धनुषाधाम नगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबैभन्दा बढि साक्षरता दर वडा नं. ८ मा ६४.६१ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ७४.२० प्रतिशत र महिला साक्षरता दर ५४.६४प्रतिशत रहेको छ । त्यस्तै गरि सबैभन्दा कम साक्षरता दर वार्ड नं. १ मा रहको छ । जसमा कुल साक्षरता दर ३७.७२ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता दर ४८.३६ प्रतिशत र महिला साक्षरता दर २७.७६ प्रतिशत रहेको छ । माथिको तथ्यांकलाई हेर्दा यस धनुषाधाम नगरपालिका शैक्षिक हिसाबमा कमजोर स्थानमा रहेको देखिन्छ । माथिको तालिका लाई तल स्तम्भमा प्रस्तुत गरिएको छ ।



## ७.२.१ शैक्षिक जनशक्तिको विवरण


**तालिका नं ४९:** शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कुल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४३६ | ५०७९ | २५२३ | १५२४ | ११५० | ४७१ | २१५ | ४९ | ४१ | १७८ | १०५ | ११,७७१ |
| महिला | २९३ | ४२६४ | १८४१ | ७७८ | ४९९ | २२२ | ३७ | ३ | १६ | ११७ | ८५ | ८,१५५ |
| जम्मा | ७२९ | ९,३४३ | ४,३६४ | २,३०२ | १,६४९ | ६९३ | २५२ | ५२ | ५७ | २९५ | १९० | १९,९२६ |
| प्रतिशत | ३.६६ | ४६.८९ | २१.९० | ११.५५ | ८.२८ | ३.४८ | १.२६ | ०.२६ | ०.२९ | १.४८ | ०.९५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

*(नोट : शिक्षा ऐनको पछिल्लो संशोधन अनुसार १-८ सम्म आधारभुत शिक्षा र ९-१२ सम्म माध्यमिक शिक्षा भनी परिभाषित गरिएको छ । )*

यस तालिकामा धनुषाधाम नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ७२९ (३.६६ प्रतिशत) जना स्कुल नगएका देखिन्छ। नगरमा विभिन्न शैक्षिक तह उर्त्तीणगरेका जनशक्तिहरुमा ९,३४३ (४६.८९ प्रतिशत) प्राथमिक तह, ४,३६४ (२१.९० प्रतिशत) नि.मा.वि. तह, २,३०२ (११.५५ प्रतिशत) मा.वि. तह, १,६४९ (८.२८ प्रतिशत) एस.एल.सी. तह, ६,९३(३.४८ प्रतिशत) प्रमाणपत्र तह, २५२ (१.२६ प्रतिशत) स्नातक तह, ५२ (०.२६ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ भने २९५ (१.४८ प्रतिशत) ले अनौपचारिक शिक्षा हाँसिल गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा र तल स्तम्भमा उल्लेख गरिएको छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं ५०: विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषी, वन र मत्स्य | कम्प्यूटिङ्ग | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ११६ | १२० | २८४ | ७७ | १४ | ९ | ८ | ५ | ४ | ३ | २ | ० | ३५५ | ९९७ |
| **प्रतिशत** | ११.६३ | १२.०४ | २८.४९ | ७.७२ | १.४० | ०.९० | ०.८० | ०.५० | ०.४० | ०.३० | ०.२० | ० | ३५.६१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरमा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस नगरमा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या २८४ (२८.३९ प्रतिशत) रहेको छ भने दोस्रोमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको जनसंख्या १२०(१२.०४ प्रतिशत), तेस्रो स्थानमा मानविकी र कला विषय लिएर पढ्नेको संख्या ११६ (११.६३ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं ५१: उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ३,६९४ | ३,४५२ | ७,१४६ | ३,५६२ | ३,३२२ | ६,८८४ | ९६.३३ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ६४ | ५२ | ११६ | ६२ | ४९ | १११ | ९५.६९ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ३७ | १६ | ५३ | ३२ | १५ | ४७ | ८८.६८ |
| जम्मा | | ३,७९५ | ३,५२० | ७,३१५ | ३,६५६ | ३,३८६ | ७,०४२ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा स्कुल जाने उमेर समुहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समुहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समुहको जनसंख्या मध्ये ९६.३३ प्रतिशत स्कुल गएको देखिन्छ भने ३.६७ प्रतिशत स्कुल गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९५.६९ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ४.३१ प्रतिशत स्कुल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर समुहको जनसंख्याको ८८.६८ प्रतिशत उच्च मावि तह अध्ययन गरीररहेको र बाँकी ११.३२ प्रतिशत संख्या सो तहको अध्ययन गर्न नगएकोदेखिन्छ। बाल्यकालमा सुरुवातको समयमा विद्याय गएको ९६.३३ देखिए पनि माथिल्लो उमेर तथा लेभल पुगे पछि पढ्नेको संख्या क्रमश घटेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भुमीका अनिवार्य रहन्छ। नगरमा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ।

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्याथीहरु प्राथमकि तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको

पाइएको छ । यस बाहेक व्यवस्थापन समितिले समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा पुरा नहुनु समेत मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

## ७.३ स्वास्थ्य

धनुषाधाम नगरपालिका स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार विकास गराउन व्यापक जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। राजनितिक रुपमा ९ वडाहरुमा विभाजित यस नगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका त छैनन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

नगरपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । नगरपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा आवागमनमा हुने समस्याले थप कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू(Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान रहेको थियो । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

आ.व. २०४९/५० जनसंख्या र क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्या मा १ जना, पहाडमा ३०० जनसंख्या मा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविका रहने व्यवस्था गरिएको छ ।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरपालिकाका विभिन्न स्थानमा नगरघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी तहमा मात्र उपलब्ध गराइन्छ। नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार धनुषा जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ ।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.५ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलविनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान ( २०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। धनुषाधाम नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि नगर नगरमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको खेल अनुसासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। हाल स्थानीय निकायहरु जिल्ला समन्वय समिति तथा नगरपालिका र गाउँपालिकाहरुले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगरपालिका /गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा

विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

राष्ट्रिय स्तरको खेल मैदानको रुपमा धनुष जनता उ.मा.वि धनुषाधामको खेल मैदान, भानु उ.मा.वि किसानपुरको खेल मैदान, श्री उ.मा.वि मुलाबारीको खेल मैदान, पृतपुर उ.मा.वि. पर्वताको खेल मैदान र मुर्गिया खोलामा रहेको कठकुप खेल मैदान धनुषाधाम नगरबासि बीच प्रख्यात रहेको छ। नगरपालिकाको खेलकुद तथा मनोरञ्जनलाई विकास गरी नगरबासीहरुलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरु तयार पारेका छन्। ती योजनाहरु फप्ला क्रिकेट मैदान स्थापना गर्नुपर्ने, स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, खेलकुद पेराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरुलाई खेलकुद सामाग्री उपलब्ध गराउने, नगरपालिकामा प्याराफिट सहितको राष्ट्रिय स्तरको खेलमैदानको रुपमा विकसित गर्नुपर्ने देखिन्छ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३, नियमावली २०६५ मा वृद्धवृद्धा सम्बन्धी व्यवस्था गरिएको छ। जनगणना २०६८ को नतिजा अनुसार यस धनुषाधाम नगरपालिकामा ७० वर्ष उमेर नाघेका ७० वर्ष उमेर नाघेका २.७४ प्रतिशत (११२३ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभाव, एकल परिवारको चाहना र पुस्ताहरु बीचको अन्तरको कारण हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँ पुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धहरु जटिल बन्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले समयमै पाउन सकेका छैनन्।

धनुषाधाम नगरपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.०७ प्रतिशत (१,२६१ जना), ६५-६९ वर्षका २.०३ प्रतिशत (८३४ जना) र ७० भन्दा माथी गरी जम्मा ७.८४ प्रतिशत (३,२१८ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। र यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पिढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ। राज्यले जेष्ठ नागरिकको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको भएता पनि ढल्कँदो उमेरको मनोविज्ञान अनुसार सामाजिक तथा पारिवारीक अनुकुलताको उपयुक्त व्यवस्था हुनु पर्ने देखिन्छ।

### ७.५.२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ। यसै अनुरुप धनुषाधाम नगरपालिकामा विभिन्न श्रेणीका व्यक्तीहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरीएको छ । जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं ५२: सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

| वडा नं. | जेष्ठ नागरिक | | | दलित जेष्ठ नागरिक | | | एकल महिला | विधवा | पुर्ण अशक्त | | | आंशिक अशक्त | | | लोपउन्मुख | | | दलित बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ५९ | ७१ | १३० | २० | २९ | ४९ | ० | १२४ | ० | ० | ० | १ | २ | ३ | ० | ० | ० | ६३ | ६१ | १२४ |
| २ | ६१ | ७३ | १३४ | १० | २१ | ३१ | ० | ८६ | ० | १ | १ | १ | ३ | ४ | ० | ० | ० | ३५ | ३९ | ७४ |
| ३ | ४४ | ५३ | ९७ | २४ | ३३ | ५७ | ० | ११९ | ० | १ | १ | २ | १ | ३ | ० | ० | ० | ३० | ३६ | ६६ |
| ४ | ४७ | ५० | ९७ | १८ | ३३ | ५१ | ० | ८८ | ० | ० | ० | १ | १ | २ | ० | ० | ० | ४५ | ३७ | ८२ |
| ५ | १०२ | ९० | १९२ | १८ | २९ | ४७ | ० | १२४ | १ | २ | ३ | १ | ४ | ५ | ० | ० | ० | ३४ | ३३ | ६७ |
| ६ | ८९ | ५८ | १४७ | २३ | ४६ | ६९ | ० | १०० | ० | ० | ० | २ | ३ | ५ | ० | ० | ० | ४२ | ३८ | ८० |
| ७ | ८६ | ८४ | १७० | १७ | १९ | ३६ | १ | १०० | ० | १ | १ | १ | २ | ३ | ० | ० | ० | ४१ | ३५ | ७६ |
| ८ | ७१ | ५५ | १२६ | ८ | १५ | २३ | ० | ९० | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | २६ | ३१ | ५७ |
| ९ | ११८ | ८४ | २०२ | १६ | २८ | ४४ | ० | १५२ | ० | ३ | ३ | १ | २ | ३ | ६ | २ | ८ | २२ | १९ | ४१ |
| जम्मा | ६७७ | ६१८ | १२९५ | १५४ | २५३ | ४०७ | १ | ९८३ | ५ | ८ | १३ | १० | १८ | २८ | ६ | २ | ८ | ३३८ | ३२९ | ६६७ |

*स्रोत : धनुषाधाम नगरपालिका २०७४*

धनुषाधाम नगरपालिकाको दोस्रो सामाजिका सुरक्षा भत्ता वितरणको विवरण हेर्दा यस नगरपालिकामा रहेका १२९५ जना जेष्ठ नागरिक,४०७ दलित जेष्ठ नागरिक, एकल महिला १ जना, विधुवा महिला ९८३ जना, पुर्ण अशक्त १० जना, आंशिक अशक्त २८ जना, लोपउन्मुख ८ जना, दलित बालबालिका ६६७ जना गरी जम्मा ३,४०२ सामाजिक सुरक्षा भत्ता पाएका छन् जसको विस्तृत विवरण माथिको तालिकामा प्रस्तुत गरिएको छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन्। महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। यसको कारण समाजमा व्याप्त

असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र समाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समुह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

यद्यपि गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान

सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन। यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ।

### ७.६.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यको कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि  हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ।

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ । संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.६.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

धनुषाधाम  नगरपालिका नगरलाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त नगरको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

### ७.६.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितीगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका गर्नका लागि विभिन्न स्तरका निती तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा नगरमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

धनुषाधाम नगरपालिकामा जिल्ला बालकल्याण समितिमा आवद्ध रहेका १७ सामुदायिक बालक्लवहरु रहेका छन् । बालक्लव सञ्चालक समितिमा १०३ बालक र ७८ बालिका गरी १८१ जना बालबालिका आवद्ध रहेका छन् भने नगरपालिकामा २ बाल सञ्जालमा ५४ जना बालबालिका रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ५३: बालक्लवको विवरण

| बालक्लव /समुहहरुको विवरण ( जिल्ला बाल कल्याण समितिमा आवद्ध) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | बालक्लव सञ्जालको नाम | ठेगाना | बालक्लवको प्रकार | सञ्चालक समितिमा बालबालिकाको संख्या | | |
| | | | | बालिका | बालक | जम्मा |
| १ | श्री प्रगतिशील बाल अधिकार मञ्च | धनुषा गोविन्दपुर -६ | सामुदायिक | ३ | ६ | ९ |
| २ | श्री सरस्वती बाल अधिकार मञ्च | उमाप्रेमपपुर -३ | सामुदायिक | ४ | ५ | ९ |
| ३ | श्री हनुमान बाल अधिकार मञ्च | भुतही पटेर्वा-३ | सामुदायिक | ४ | ७ | ११ |
| ४ | जन मनोकामना बाल अधिकार मञ्च | धनुषाधाम-३ | सामुदायिक | ३ | ६ | ९ |
| ५ | जनचेतना बालक्लव | यज्ञभुमी-३ | सामुदायिक | ५ | ६ | ११ |
| ६ | श्री सगरमाथा बालक्लव | यज्ञभुमी-१ | सामुदायिक | ३ | ८ | ११ |
| ७ | श्री बुद्ध बालक्लव | यज्ञभुमी-४ | सामुदायिक | ५ | ६ | ११ |
| ८ | श्री शान्ति बालक्लव | यज्ञभुमी-८ | सामुदायिक | ५ | ६ | ११ |
| ९ | धनुष बालक्लव | यज्ञभुमी-१ | सामुदायिक | ५ | ६ | ११ |
| १० | अन्नपुर्ण बालक्लव | यज्ञभुमी-७ | सामुदायिक | ५ | ६ | ११ |
| ११ | गुराँस बालक्लव | यज्ञभुमी-२ | सामुदायिक | ४ | ७ | ११ |
| १२ | शिवशक्ति बालक्लव | यज्ञभुमी-६ | सामुदायिक | ४ | ७ | ११ |
| १३ | प्रगातिशील बालक्लव | यज्ञभुमी-४ | सामुदायिक | ५ | ६ | ११ |
| १४ | आदर्श बालक्लव | यज्ञभुमी-५ | सामुदायिक | २ | ९ | ११ |
| १५ | श्री सफल बालक्लव | यज्ञभुमी-२ | सामुदायिक | ५ | ६ | ११ |
| १६ | श्रृजना बालक्लव | यज्ञभुमी-८ | सामुदायिक | ११ | ० | ११ |
| १७ | जुनतारा बालक्लव | यज्ञभुमी-७ | सामुदायिक | ५ | ६ | ११ |
| जम्मा | | | | ७८ | १०३ | १८१ |

*स्रोत : जिल्ला बालकल्याण समिति,धनुषा २०७२*

तालिका नं ५४: बाल सञ्जालको विवरण

| जिल्लामा रहेका गा.वि.स. स्तरीय बालक्लव सञ्जालको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | बालक्लव सञ्जालको नाम | ठेगाना | बालबालिकाको संख्या | | |
| | | | बालक | बालिका | जम्मा |
| १ | यज्ञभुमी बालक्लव सञ्जाल | यज्ञभुमी | १५ | १२ | २७ |
| २ | एकता बालक्लव सञ्जाल | धनुषाधाम | १२ | १५ | २७ |
| जम्मा | | | २७ | २७ | ५४ |

*स्रोत : जिल्ला बालकल्याण समिति,धनुषा २०७२*

## ७.७ अपाङ्गगताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार धनुषाधाम नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.५२ प्रतिशत (६२४ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका १८९ (३०.२९ प्रतिशत), श्रवण, दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका १०७ (१७.१५ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ११९ जना (१९.०७ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका ९२ जना (१४.७४ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका २० जना (३.२१ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ४७ जना (७.५३ प्रतिशत) र


बहु अपाङ्गता ४४ (७.०५ प्रतिशत) रहेका छन् । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत ( ५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

यस धनुषाधाममा अपाङ्गताको अवश्था बुझ्न तल तालिका र स्तम्भ् द्धारा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५५:** अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १०८ | ३६ | २१ | ५ | ३५ | ३० | ७ | २६ | २६८ |
| महिला | ८३ | ३२ | १७ | ३ | ३४ | २० | ११ | २५ | २२५ |
| जम्मा | १९१ | ६८ | ३८ | ८ | ६९ | ५० | १८ | ५१ | ४९३ |
| प्रतिशत | ३८.७४ | १३.७९ | ७.७१ | १.६२ | १४.०० | १०.१४ | ३.६५ | १०.३४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*




## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनीकरण गर्न सकिन्छ । धनुषाधाम नगरपालिकाको खानेपानीको स्थिति बुझ्न तल नगरबासीहरुले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ ।

### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण


तालिका नं ५६: परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **५७३** | ५४५५ | २०६ | २१५३ | ५ | २ | २१८ | १०३ | ८,७१५ |
| **६.५७** | ६२.५९ | २.३६ | २४.७० | ०.०६ | ०.०२ | २.५० | १.१८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

धनुषाधाम नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले नगरका परिवारहरुले सबैभन्दा बढी ट्युवेल/हाते पम्प को पानी प्रयोग गरेको पाइएको छ जुन स्वास्थ्यको दृष्टिकोणमा त्यति सुरक्षित मानिदैन । नगरमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ५,४५५ (६२.५९ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमाखुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या २,१५३ (२४.७० प्रतिशत) रहेको देखिन्छ

।तेस्रोमा  धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ५७३ (६.५७ प्रतिशत) र ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी २०६(२.३६  प्रतिशत) रहेको छ । यसरी नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।




माथिको तालिका र स्तम्भ अध्ययन गर्दा नगरपालिकामा खानेपानीको आपुर्ति सुरक्षित बनाउन पहल गर्नु पर्ने देखिन्छ ।

## ७.८.२ खानेपानीको विवरण

तालिका नं ५७: खानेपानीको विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ९०३ | ० | ० | ० | ० | ७ | ७ | ९२४ |
| २ | १५ | ७४६ | ७ | ३ | ० | ० | ६२ | १२ | ८४५ |
| ३ | ४३ | ८०४ | १७ | ० | २ | ० | १११ | २२ | ९९९ |
| ४ | ७ | ५८४ | १ | ० | ० | २ | ३६ | ७ | ६३७ |
| ५ | २२ | ११६३ | ६ | ४ | २ | ० | १ | १४ | १,२१२ |
| ६ | १५ | ५८ | १ | ८६८ | १ | ० | ० | १९ | ९६२ |
| ७ | ७८ | ९१७ | २ | २२ | ० | ० | १ | ८ | १,०२८ |
| ८ | ३७१ | १७९ | १५१ | ६४ | ० | ० | ० | ० | ७६५ |
| ९ | १५ | १०१ | २१ | ११९२ | ० | ० | ० | १४ | १,३४३ |
| जम्मा | ५७३ | ५,४५५ | २०६ | २,१५३ | ५ | २ | २१८ | १०३ | ८,७१५ |
| प्रतिशत | ६.५७ | ६२.५९ | २.३६ | २४.७० | ०.०६ | ०.०२ | २.५० | १.१८ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। समग्रमा यस नगरपालिकामा ट्युवेल/हाते पम्पप्रयोग भएको छ तर वडागत रुपमा तुलनात्मक अध्ययन गदा खानेपानीको मुख्य स्रोतको रुपमा वडा नं. ८ माधारा तथा पाइपको पानी प्रयोग गरेको देखिन्छ भने वडा नं. ६ मा सबै भन्दा बढी खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या बढी रहेको पाइन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।


## ७.९ शौचालयको विवरण

तालिका नं ५८: शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | १०३ | ५५९ | ८०७ | ७१४२ | १०४ | ८,७१५ |
| प्रतिशत | १.१८ | ६.४१ | ९.२६ | ८१.९५ | १.१९ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा धनुषाधाम नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। नगरमा सबैभन्दा धेरै घरपरिवार शौचालयविहिन रहेको देखिन्छ। कुल घरपरिवारको आधाभन्दा बढी अर्थात् ७,१४२ (८१.९५ प्रतिशत) घरपरिवारमा शौचालय नै नभएको देखिन्छ। यसैगरी शौचालय प्रयोग गर्ने घरपरिवारमा पनि सबैभन्दा बढी साधारण शौचालय प्रयोग गरेको पाइन्छ।साधारण शौचाल प्रयोग गर्ने घरपरिवारको संख्या ८०७(९.२६ प्रतिशत), फ्लस भएको (सेप्टिक ट्याङ्की) शौचालय प्रयोग गर्ने घरपरिवार संख्या ५५९(६.४१ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्ने परिवारको संख्या १०३ (१.१८प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ७.९.१ वडागत शौचालयको संख्याको विवरण


तालिका नं ५९: वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ९ | १३ | ५२ | ८४३ | ७ | ९२४ |
| २ | १० | ३२ | ४२ | ७४९ | १२ | ८४५ |
| ३ | ९ | ६७ | ८४ | ८१७ | २२ | ९९९ |
| ४ | १९ | १५ | २८ | ५६७ | ८ | ६३७ |
| ५ | ११ | ३० | २०७ | ९५० | १४ | १,२१२ |
| ६ | ५ | ३८ | ४६ | ८५६ | १७ | ९६२ |
| ७ | १४ | ३९ | ८५ | ८८१ | ९ | १,०२८ |
| ८ | १५ | ९२ | २०८ | ४४९ | १ | ७६५ |
| ९ | ११ | २३३ | ५५ | १०३० | १४ | १,३४३ |
| जम्मा | १०३ | ५५९ | ८०७ | ७,१४२ | १०४ | ८,७१५ |
| प्रतिशत | १.१८ | ६.४१ | ९.२६ | ८१.९५ | १.१९३ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

*नोट: पछिल्लो राष्ट्रिय जनगणना २०६८, अनुसार धनुषाधाम नगरपालिकामा ८१.९५ प्रतिशत घरहरुमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नगरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रहरुले नगरपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ।*

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा वडा नं. ८ मा कुल घरधुरी ७६५ रहेकोमा ३१५ (८.०१ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ यस मध्ये २०८ घरधुरीले साधारण शौचालयको प्रयोग गरेको देखिन्छ  भनेवडा नं. १ मा कुल घरधुरी ९२४ रहेकोमा ७४ (८.०१ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ यस मध्ये ५२ घरधुरीले साधारण शैचालयको प्रयोग गरेको देखिन्छ। धनुषाधामा नगरपालिकामा कुल १४६९ (१६.८६ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ भने ८१.९५प्रतिशत घरपरिवार शौचालयविहिन रहेका छन्  र १.१९ प्रतिशतले उल्लेख नगरेको देखिन्छ। शैचालयको प्रयोगमा सबैभन्दा बढी साधारण शौचालय प्रयोग गर्ने घरपरिवारको संख्या नै बढी रहेको देखिन्छ। जसको विस्तृत माथिको विवरण तालिकामा उल्लेख गरिएको छ।



### ७.९.२ खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ। यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो। तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भुमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको।

## ७.१० फोहोर मैला व्यवस्थापन

नगरपालिकालाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई हुने गरेको पाइन्छ। फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरुको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ।यसबाट आम नगरपालिकाबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ। हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ। हाल यस नगरपालिकामा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :

- ✓ फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- ✓ जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ।
- ✓ फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ।
- ✓ भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने।
- ✓ कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिकाले गर्ने।
- ✓ नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने। यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पति

प्रदेश नं २ को जिल्ला धनुषा वन वातावरण र जैविक विविधताको दृष्टिकोणले यद्यपि सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। धनुषा जिल्लाको यस धनुषाधाम नगरपालिकामा कुल क्षेत्रफल ९१.६४ वर्ग कि.मि. मध्ये ११.४७ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ।

यस नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, नेवारो, अशोक, आदी रहेका छन् । यसैगरी घस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

धनुषाधाम नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातावारणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।



मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस नगरपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सल्लो, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर-काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस नगरपालिकामा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ। नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गरयहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ। उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ।

## ८.३ लघु वन पैदावार

यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा चिराईतो, तेजपात, बोझो, अल्लो काउलो, पिपला, च्याऊ, दतिवन, अमला, कुरिलो, हर्रो, बर्रो, बाँस, सबइ घाँस, अम्रिसो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, कुट्मिरो, निगुरो, डुण्डुको साग, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, तेजपात, चानमडुवा, रुदिलो, तितेपाती, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ नगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

धनुषाधाम नगरपालिका रहेको धनुषा जिल्लामा धेरै प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेडु, चरिबाघ आदि छन।

### (ख) चराचुरुङ्गी

धनुषाधाम नगरपालिका रहेको धनुषा जिल्लामा धेरै प्रकारका चराहरु पाइन्छन् । यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा राज धनेस, कालो तित्रा, खैरो धनेस, कालो गिद्ध, सिलसिले, कोइली, मैना, सुगा, ढुकुर, निलकण्ठ, भँगेरी बाज, मलेवा, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, भाद्रे, धोवि चरा, श्यामा, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा मगर गोही, कछुवा, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

यस नगरपालिकामा पाईने कीरा फट्याङ्ग्राहरुमा सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि।

### (च) फूलका प्रजातिहरु

धनुषाधाम नगरपालिकामा सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि फुलका प्रजातिहरु पाईन्छन् ।

## ८.५ वनजंगल

धनुषाधाम नगरपालिका समुन्द्र सतहबाट न्यूनतम ९३ देखि मिटरको उचाईदेखि शुरु भएर अधिकतम ३१७ मिटरसम्म गएर अन्त्य भएको छ । नगरपालिकाले कुल भुभागको १०.५१ प्रतिशत वनजंगलले ओगटेको छ । यो नगरमा वन क्षेत्रभित्र जैविक विविधता रहेको छ। वनक्षेत्रभित्र केहि सिमसार क्षेत्र र घाँसे मैदानहरु समेत रहेका छन् । नगरपालिका बाहिरका अन्य नगरपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरमा प्रशस्तै मात्रामा रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलानालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि केही विविधता पाईन्छ। उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस नगरको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरमा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, मिश्रित वन र झाडी बुट्यान रहेका छन् ।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू भएको हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ-नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु

हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका नगरलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैरसरकारी संस्थाहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरपालिकाले अग्रणी भूमिका खेलेको छ। नगरमा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन।

### ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.५.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरपालिकामा संचालन गरिएको छ। धनुषा जिल्लामा हालसम्म ६६ वटा निजी वन दर्ता भैसकेका छन् भने जसको क्षेत्रफल ७५.३८ हेक्टर रहेको छ। निजी वनमा रोपिएका मुख्य प्रजातिहरुमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँस, सिमल जस्ता प्रजातिहरु रहेका छन्।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस नगरपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ वनपैदावरको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा धनुषा जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ। धनुषा जिल्लामा रहेको धनुषाधाम नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन्, भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस नगरपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा रिठ्ठा, टिमुर, पाषणवेद, काउलो, तेजपात, झ्याउ, जटामासि, कुट्की, उतीस जरा, चिराईतो, सतुवा, आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै धनुषाधाम नगरपालिकाको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन्। यस्ता पैदावारहरुले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरुलाई अवसर प्रदान गर्छन्।

वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरपालिकामा हालसम्म सञ्चालन रहेको वन पैदावारमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

# खण्ड ९ : विकास सूचकांङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार धनुषाजिल्लाको मानव विकास सूचकाङ्क ०.४३१ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् धनुषा जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ।मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्कक ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने धनुषा जिल्लाको हरेक व्यक्ति बा‘च्ने अपेक्षित औषत आयु (Life expectancy) ६९.५३ वर्ष र यसको सूचक ०.७४२ प्रौढ साक्षरता दर (Adult literacy) ४१.८९ प्रतिशत र यसको सूचक ०.४१९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.९७ वर्ष र यसको सूचक ०.१९८ तथा प्रतिव्यक्ति आय (Per Capita Income) ९३८ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ। यसको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं ६०: मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचकांङ्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| धनुषा | ६९.५३ | ०.७४२ | ४१.८९ | ०.४१९ | २.९७ | ०.१९८ | ९३८ | ०.३७४ | ०.४३१ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा धनुषा जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिदैन। धनुषा जिल्लाको मानव गरीबी सूचकाङ्क मान

४१.७२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा धनुषा जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ५८.११ प्रतिशत, ४० वर्ष सम्म पनि बा'च्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ० ७.३१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ११.८८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४३.६० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४,UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार धनुषा जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला २९ औं स्थानमा रहेको छ र गरीबीको दर २३.१४ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,७४,०७१ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ६१: गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| २३ | २३.१४ (१.७६) | ४.६२(०.५) | १.३८ (०.१९) | १,७४,०७१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

## ९.४ गरिबी न्यूनीकरण

शहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्धारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न सीपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ४५,५८५ जनताको बसोबास भएको यस धुषाधामा नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समय सापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू

र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरबासीहरूको मानवविकास सूचकांङ्क, लैंगिक समता सूचकांङ्क, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्ष माथिको उमेरसम्म बाँच्नेहरूको संख्या ७.३१ प्रतिशत रहेको पाइन्छ भने अर्का तर्फ बाँचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ५,४५५ (६२.५९ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या २,१५३ (२४.७० प्रतिशत) रहेको देखिन्छ । तेस्रोमा  धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ५७३ (६.५७ प्रतिशत) र ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी २०६ (२.३६  प्रतिशत) रहेको छ । सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगर धनुषा जिल्लाका अन्य नगरहरुको तुलनामा पछाडी रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ४८.०० प्रतिशत ( नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगर पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरको पुरुषको साक्षरता दर ५९.०२ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ३७.७१ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग २१.३२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर मा.वि र उच्च मा.विको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यवहारिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस नगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।